**बालविवाह सामाजिक र कानूनी अपराध हो ।**

- बीस वर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ चैत ०२ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 March 16 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १९५

## स्ववियु निर्वाचन जेठ १३ मा हुने

प्रस, वीरगंज, १ चैत/

ठाकुर राम बहुमुखी क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन फेरि सरेको छ ।

देशभरमा स्ववियु निर्वाचन आगामी चैत ५ गते हुँदैछ । तर ठाराब क्याम्पसमा मतदाता नामावलीको विषयलाई लिएर विद्यार्थीहरूले विवाद शुरू गरेर क्याम्पसमा आगजनी गरेपछि छानबीन समिति गठन भएको थियो ।

छानबीन समितिले तीन दिनमा प्रतिवेदन नबुझाएको कारण निर्धारित समयमा निर्वाचन हुन नसक्ने अवस्था सिर्जना भएपछि निर्वाचन समितिले चैत ८ गतेका लागि स्ववियु निर्वाचनको मिति तोकेको थियो ।

यो चरणमा निर्वाचन समितिले बुधवार प्रकाशित गरेको अन्तिम नामावलीमा विद्यार्थी सङ्घसङ्गठनहरूले आपत्ति जनाउँदै क्याम्पसका विभिन्न कक्षमा तालाबन्दी गरेका थिए ।

पाँचवटा विद्यार्थी सङ्घसङ्गठनले हिजो विज्ञप्ति जारी गर्दै फोटोसहितको मतदाता नामावली प्रकाशन गर्नुपर्ने र परिचयपत्र भएकाहरूलाई मात्र मतदानमा सहभागी गराउनुपर्ने जस्ता मागहरू राखेका कारण हिजोदेखि क्याम्पसमा तनाव शुरू भएको थियो ।

ठाराब क्याम्पसमा सबै विद्यार्थी सङ्घसङ्गठनका एकाइ कमिटी छन् । स्ववियु निर्वाचन घोषणा भएपछि आधिकारिकरूपमा एकाइ कमिटीका अध्यक्ष, सचिवहरूको हस्ताक्षरमा विज्ञप्ति आइरहेको छैन ।

कमिटीमा जसले पनि हस्ताक्षर गर्ने र जुनसुकै निर्णय गर्ने गरेकाले निर्वाचनमा अहिलेसम्म अन्योलता रहँदै आएको हो ।

हिजै प्रकाशित वक्तव्यतर्फ एकथरी विद्यार्थी नेताहरूले नै माउ पार्टीका नेताहरूको झोला बोक्नेहरूबाट विज्ञप्ति जारी भएको आरोप लगाएका थिए । ती नेताहरूले स्ववियु निर्वाचन नहोस् भन्ने अभिप्राय राखेर यस प्रकारका गतिविधिहरू गरिरहेको आरोप पनि लगाएका छन् ।

यसअघि क्याम्पस प्रमुख डा उमेशकुमार चौरसियाले सर्वपक्षीय बैठक डाकेर स्ववियु निर्वाचन निष्पक्ष, भयरहित, शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउने लिखित प्रतिबद्धता लिएका थिए । तर यस बावजूद तिनै पार्टीका भ्रातृ सङ्गठनहरूले निर्वाचन बिथोल्ने जस्ता गतिविधिहरू अघि सार्दा सबै चुप बसेका छन् ।

स्ववियु निर्वाचनलाई लिएर विवाद बढेपछि प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीले बुधवार सर्वपक्षीय बैठक बोलाएका थिए, जसमा तिनै राजनीतिक दलका नेताहरूले स्ववियु निर्वाचन जेठ १३ गते गर्ने र अहिलेको वातावरणमा निर्वाचन सम्पन्न हुन गाऱ्हो भएको प्रतिक्रिया दिएका थिए ।

दलहरूको विचारका आधारमा जेठ १३ गते स्ववियु निर्वाचन सारिएको हो । बिहान भएको सहमतिबारे क्याम्पसको निर्वाचन समितिले चैत र वैशाखमा विभिन्न सङ्कायका परीक्षा भएका कारण जेठ १३ गतेका लागि स्ववियु निर्वाचन सारिएको सूचना जारी गरेको थियो । निर्वाचन अधिकृत रोशन लामिछानेले दिउँसो निर्वाचन सारिएको सूचना टाँस गरेका थिए ।

### भौतिक कारबाहीको धम्की

नेविसङ्घका पूर्वकेन्द्रीय सदस्य सुधीर पटेलले बुधवार क्याम्पसमा पत्रकार सम्मेलन गरी तोकिएको समयमा स्ववियु निर्वाचन नभए आन्दोलन गर्ने र क्याम्पस प्रमुखलाई भौतिक कारबाही गर्ने चेतावनी दिएका छन् । उनले विद्यार्थीहरूको चाहना निर्वाचन भएको तर केही राजनीतिक दलहरूको षडयन्त्रमा निर्वाचन सार्ने कार्य भइरहेको भन्दै प्रायोजित विवाद देखाएर निर्वाचन सारिएको र सो कार्य आफ्नो समूहलाई सह्य नभएको भन्दै आन्दोलन गर्ने र क्याम्पस प्रमुखमाथि भौतिक कारबाही गर्ने चेतावनी दिएका हुन् ।

पत्रकार सम्मेलनमा उनको समूहबाट स्ववियु निर्वाचनमा सभापतिका उम्मेदवार कमलेश यादवलगायतको सहभागिता छ ।

### क्याम्पसमा अनशन

हिजोदेखि फोटोसहितको मतदाता नामावली र परिचयपत्रको कुराले स्ववियु निर्वाचनको मिति सर्ने आशङ्का पालेका केही विद्यार्थीहरूले भने हिजो साँझदेखि



क्याम्पसमा अनशन शुरू गरेका थिए । उनीहरूले यही चैतमा निर्वाचन हुनुपर्ने र पछिल्लो समयमा तोकिएको मितिमैं हुनुपर्ने माग राखेका छन् । सबैजसो विद्यार्थी सङ्घसङ्गठनका नेता, कार्यकर्ताहरू अनशनमा सहभागी छन । आज पनि उनीहरूको अनशन जारी रह्यो ।

## मुसौलीमा चारवटा क्रसर उद्योग अवैधरूपमा सञ्चालन

प्रस, वीरगंज, १ चैत/

सरकारको नियमलाई पाखा लगाउँदै पर्साका क्रसर उद्योग सञ्चालकहरूले अवैध तरीकाले क्रसर सञ्चालनमा ल्याएका छन् ।


तस्वीरः प्रतीक

पर्सामा इजाजतप्राप्त पाँचवटा क्रसर उद्योग रहेको जिल्ला समन्वय समितिका प्रमुख निरञ्जन सर्राफले बताए । सोमध्ये सबै आवश्यक कागजात ठीक रहेको एक क्रसर उद्योगलाई सञ्चालन इजाजत दिएको उनले बताए । तर बाँकी क्रसर उद्योगहरू भने आफूखुशी विनाइजाजत सञ्चालनमा आएको उनले बताए । उनले प्रक्रिया पूरा नगरी सञ्चालनमा आएका क्रसर उद्योगहरू बन्द गराउनेतर्फ पहल शुरू भएको बताएका छन् ।

वीरगंज महानगरको मुसौलीमा नै सबै पाँचवटा क्रसर उद्योग सञ्चालनमा छन् ।

जिससबाट प्रक्रिया पूरा गरेर एउटा उद्योग सञ्चालनमा आएको तर अन्य चारवटा विनाइजाजत सञ्चालनमा आए पनि बन्द गर्नेतर्फ पहल भएको छैन । शक्ति केन्द्रको आडमा चारवटा क्रसर उद्योग सञ्चालनमा रहेकाले स्थानीय प्रहरी प्रशासनले बल प्रयोग गरी बन्द गराउनेतर्फ पहल नगरेको स्रोतको आरोप छ । यसअघि गृहको आदेशमा पर्सा जिल्लामा रहेका सबै क्रसर उद्योगलाई जिल्ला प्रशासन कार्यालय, पर्साले पत्रका आधारमा बन्द गराएको थियो । तर अहिले सोही उद्योगहरूलाई मौखिक आदेश जारी हुँदा पनि बन्द नगरिएकामा आश्चर्य मानिएको छ । चारवटा क्रसर उद्योगले अवैधरूपमा बालुवा, गिट्टी सङ्कलन गरिरहेका छन् ।

मुसौलीमा जय नेपाल बालुवा प्रशोधन केन्द्र, गङ्गा बालुवा उद्योग, पप्पु कन्ट्रक्सन, यादव क्रसर उद्योग र नेपाल क्रसर उद्योग दर्ता छन् । तर यीमध्ये यादव क्रसर उद्योगले मात्र आधिकारिकरूपमा उद्योग सञ्चालन गर्न पाउने इजाजत पाएको जिल्ला समन्वय समिति, पर्साले जनाएको छ ।

## १६ बिघा बढी सार्वजनिक जग्गा महानगरको कब्जामा


सार्वजनिक जग्गा आफ्नो कब्जामा लिन महानगरको डोजर प्रयोग हुँदै । तस्वीरः प्रतीक

प्रस, वीरगंज, १ चैत/

वीरगंज महानगरपालिकाले अतिक्रमित सार्वजनिक जग्गा खोजी अभियानलाई निरन्तरता दिएको छ ।

वडा नं १९ मा पाँच बिघा सात कट्ठा जग्गा अतिक्रमण मुक्त गरेको टोलीले हिजो करीब सात बिघा र आज करीब चार बिघा गरी अहिलेसम्म १६ बिघा सार्वजनिक जग्गा नियन्त्रणमा ल्याएको महानगरले जनाएको छ ।

स्थानीय केही व्यक्तिले अतिक्रमण गरेको जग्गा फागुन २७ गते सोमवारदेखि महानगरको अधीनमा लिने कार्य शुरू गरेको छ । यसअघि सो क्षेत्रका अमिनहरूसमेतबाट नापजाँच गरी जग्गाको यकीन गरेर सार्वजनिक जग्गा अतिक्रमणमुक्त गर्ने अभियान शुरू गरिएको हो । सोमवार, मङ्गलवार र बुधवार गरी तीन दिनमा महानगरले करीब १६ बिघा जग्गाभन्दा बढी अधीनमा लिइसकेको महानगरका सचिवालय सल्लाहकार हरि पोखरेलले बताए ।

महानगरले अधीनमा ल्याएको सार्वजनिक जग्गाको बुधवार नगरप्रमुख राजेशमान सिंह, प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलसमेतको टोलीले स्थलगत निरीक्षण गरेको थियो । सो क्रममा नगरप्रमुख सिंहले तारबार लगाएर सार्वजनिक जग्गामा वृक्षारोपण गर्न निर्देशन दिएका थिए ।

अतिक्रमित जग्गा वडा नं १७ का स्थानीय केही व्यक्तिले भोगचलन गर्दै आएको वडा नं १९ का अध्यक्ष मुकेशकुमार चौरसियाले बताए । सार्वजनिक जग्गा नापजाँच गरी छुट्याउने कार्यमा वडाध्यक्ष सञ्जु छतकुली, नगरप्रमुखका प्रेस सल्लाहकार महेश दास, सचिवालय सल्लाहकार सत्यराज घिमिरे, महानगरका जनसम्पर्क सल्लाहकार नवराज फुयाँल, नगरप्रहरी प्रमुख हरि भुसाल, अमिन लेखनारायण कर्ण, अनिल पण्डित, रामेश्वरप्रसाद कुशवाहा लगायतको सहभागिता थियो ।

## नर्सिङ क्याम्पसमा नेविसङ्घ र अखिलबीच प्रतिस्पर्धा

प्रस, वीरगंज, १ चैत/

चिकित्साशास्त्र अध्ययन संस्थान वीरगंज नर्सिङ क्याम्पसको स्ववियु निर्वाचनमा प्रत्यक्षतर्फ नेविसङ्घ र अखिल भिड्ने भएका छन् ।

चैत ५ गते हुने स्ववियुको निर्वाचनमा नेविसङ्घका एकजना निर्विरोध भएका छन् ।

एक अध्यक्षसहित प्रत्यक्षतर्फ छ सिटका लागि अखिलले पाँच सिटमा मात्र उम्मेदवारी दिएका कारण नेविसङ्घका एकजना सदस्य निर्विरोध निर्वाचित भएका हुन् ।

नेविसङ्घबाट अध्यक्षमा यामिनी खड्का, सचिवमा विधान रेग्मी, कोषाध्यक्षमा सरस्वती पन्थी र सदस्यहरूमा ईशा बराल, आकृति खतिवडा, स्मृति थापाले उम्मेदवारी दिएको निर्वाचन अधिकृत रोमिना श्रेष्ठले बताइन् ।

यसैगरी, अखिलबाट अध्यक्षमा मनीषा चौधरी, सचिवमा सृष्टि तिमिल्सिना, कोषाध्यक्षमा अर्चना गुप्ता र सदस्यमा विवेक राणाभार तथा मुन्ना श्रेष्ठले उम्मेदवारी दिएको निर्वाचन अधिकृत श्रेष्ठले बताइन् ।

वीरगंज नर्सिङ क्याम्पसमा १५६ जना मतदाता छन् । प्रत्यक्ष र समानुपातिक गरी ११ पदमा निर्वाचन हुनेछ, जसमा प्रत्यक्षतर्फ एकजना निर्विरोध भएपछि

(बाँकी अन्तिम पातामा)

## मध्यतराईमा ब्लड बैंकको खाँचो, पर्सादेखि सर्लाहीसम्म वीरगंजकै भर

प्रस, परवानीपुर, १ चैत/

मध्यतराईका पर्सा, बारा, रौतहट, सर्लाहीमा रक्तसञ्चार केन्द्र (ब्लड बैंक)को आवश्यकता बढ्दै गए तापनि सरोकारवाला निकायको ध्यान त्यसतर्फ नगएको देखिएको छ ।

पर्सादेखि सर्लाहीसम्म नेपाल रेडक्रस सोसाइटी, पर्साको मातहतमा वीरगंजमा ब्लड बैंक रहेको छ भने रौतहटको गौर र सर्लाहीको मलङ्गवामा दुईवटा साधारण युनिट गरी तीन ठाउँमा ब्लड बैंकले सेवा दिइरहेको छ । त्यसमा पनि गौर र सर्लाहीको युनिटले नाम मात्रैको सेवा दिन्छ ।

वीरगंजबाहेक प्रभावकारी सेवा दिने ब्लड बैंक यस क्षेत्रमा छैन । गौर र सर्लाहीका युनिटले महीनामा १०–१२ युनिट मात्रै रगत खपत गर्छन् ।

गत फागुन २५ गते सिमरामा नारायणगढतर्फ गइरहेको एक यात्रुवाहक बस पल्टेर दुर्घटना भयो । उक्त बस दुर्घटनामा २९ जना घाइते भए, २६ जनाको उपचार सिमरास्थित अल्पाइन हस्पिटलमा भयो ।

बाँकी तीनजना सिकिस्त बिरामीलाई वीरगंजको मेडिसिटी वयोधा अस्पताल रेफर गर्नुपऱ्यो । कारण थियो, रगतको व्यवस्था नहुनु । तीनजना बिरामीको तत्कालै शल्यक्रिया गर्नुपर्ने भएकोले उनीहरूलाई रगतको खाँचो भएकोले उनीहरूलाई वीरगंज पठाउनुबाहेक अन्य विकल्प नरहेको अस्पतालका सञ्चालक शिव शर्माले जानकारी दिए । उनको अनुसार सिमरामा ब्लड बैंकको व्यवस्था भएमा वीरगंज पठाउने बिरामीको चाप घट्ने र सही समयमा बिरामीले उपचार सेवा पाएर ज्यान बचाउन सकिने उनले बताए । उनले जीतपुरसिमरा उपमहानगरसँग ब्लड बैंकको लागि तीनपटक नेपाल रेडक्रस सोसाइटी, सिमरा शाखाबाट निर्णय गराएर दिंदासमेत कुनै पहल नभएको बताए ।

नेरेसो, सिमराका सभापतिसमेत रहेका शर्माले बारामा कलैया, निजगढ, सिमरामा ब्लड बैंकको आवश्यकता रहेको बताए । तर उचित भौतिक पूर्वाधार तथा ब्लड बैंक सञ्चालनको लागि उचित खर्चको टुङ्गो नलाग्दा ब्लड बैंक स्थापनामा समस्या उत्पन्न भइरहेको बताए । उनले पर्साको पोखरिया, रौतहटको चन्द्रपुर, सर्लाहीका अन्य शहरमा पनि ब्लड बैंक स्थापनाको लागि स्थानीय सरकारले पहल गर्नुपर्नेमा जोड दिए ।

यता, रक्तसञ्चार केन्द्र वीरगंजका इन्चार्ज सौरभराज पाण्डेले ब्लड बैंक दाताहरूको सहयोगबाट चल्ने भएकोले समस्या भइरहेको बताए । यस क्षेत्रमा सरकारले खर्च छुट्याइ ब्लड बैंक सञ्चालनका लागि सहयोग गर्नुपर्ने बताए । "ब्लड बैंकका लागि कम्तीमा १५ लाख र बढीमा ३५ लाखसम्म खर्च लाग्छ," उनले भने, "त्यसपछि भौतिक पूर्वाधार र मेशिनबाहेक पाँचजना प्राविधिक एवं दुईजना कार्यालय सहयोगीको सेवा सुविधा पनि आवश्यक पर्ने भएकोले ब्लड बैंक सञ्चालनमा समस्या भइरहेको छ ।" उनले ब्लड बैंक सञ्चालनमा राज्यले नीतिगत योजना ल्याउनुपर्ने बताए । आजको बढ्दै



गएको जनसङ्ख्यालाई एकै थलोबाट सेवा दिन समस्या भइरहेको उनले बताए । उनले रौतहट र सर्लाही सम्मका बिरामीलाई वीरगंजबाटै सेवा दिनुपर्ने बताउँदै ठाउँठाउँमा ब्लक बैंक भएमा बिरामीले रगतको अभावमा ज्यान गुमाउने नपर्ने बताए ।

**विचारसार एवं सूक्तिहरू**

**पानी र वाणी दुवैमा हाम्रो छवि झल्कन्छ । पानी सफा छ भने चित्र र वाणी मधुर छ भने चरित्र देखिन्छ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# रासायनिक मलमा अनुदान

**हाम्रो मुलुकको कृषि प्रणाली दोधारमा छ । कृषि प्रविधि पूर्णरूपमा परम्परागत होइन र पूर्णरूपमा आधुनिक पनि होइन । त्यसैगरी, कृषि बालीमा प्रयोग गरिने मलको अवस्था पनि त्यही छ । रासायनिक मलको प्रयोग एकातर्फ बढिरहेको छ भने अर्कोतर्फ रासायनिक मलको पहुँचबाट वञ्चित कृषकको सङ्ख्या ठूलो छ । त्यतिमात्रै होइन, रासायनिक मल प्रयोग गरिरहेका किसानले कुनै बालीमा त मल नै पाइरहेका हुँदैनन् । उदाहरणको लागि मकैबालीमा रासायनिक मल प्रयोग गरिएको कुनै खेतमा धानबालीका लागि रासायनिक मल खोज्दाखोज्दै समय घटकिसकेको हुन्छ । कुनै बालीमा रासायनिक मल पाउने र कुनै बालीमा नपाउने खेतको कुरा छाडौं, एउटै बालीको अवस्था पनि त्यही छ । धान रोप्ने बेला रासायनिक मल प्रयोग गरिएको छ तर बाला पसाउने बेला त्यही बिरुवाले मल पाउँदैन । अर्थात् बाला लाग्ने बेला रासायनिक मल पाइरहेको छ भने खेत रोप्ने बेला मल पाइरहेको हुँदैन । यसरी हाम्रो कृषि प्रणाली 'हाँसको चाल न बकुलाको चाल' को अवस्थमा चलिरहेको छ ।**

**कृषि प्रणालीलाई आधुनिकीकरण गर्ने, उन्नत बीउ, विषादी र रासायनिक मल प्रयोग गरेर उब्जनी धेरै फलाउने प्रायः सबै किसानको रहर छ । तर अभावका कारण रैथाने बीउबिजन प्रयोग गर्न र प्राङ्गारिक मल प्रयोग गरी जैविक खेती अपनाउनु यहाँका किसानको बाध्यता हो । बाध्यतावश गरिएको कुनै पनि कुरा गतिलाग्दो हुँदैन । जैविकखेती गरौं भन्ने उद्देश्यका साथ गरिएको बाली उत्पादन र बाध्यतावश जैविक बनेका बालीको उत्पादनमा आकाश–जमीनको फरक पर्छ । मुलुकमा हिमाल र पहाडका अधिकांश क्षेत्रमा रासायनिक मल पुग्न सकेको छैन । तराई–मधेसका जिल्लाहरूमा समेत किसानले समयमा मल पाउँदैनन् । सरकारले हरेक वर्ष रासायनिक मलको लागि अर्बौं रकम खर्चेको छ तर त्यसको लाभ वास्तविक किसानले पाउन सकेका छैनन् । 'रासायनिक मलमा अनुदान' शीर्षकमा विनियोजित रकम मल आयात गर्ने ठेकेदार, ठेक्कापट्टा मिलाइदिने नेता, बिचौलिया र बिचौलियालाई सहयोग गर्ने सरकारी कर्मचारीको गोजीमा जाने गरेको छ । वास्तविक किसानले त साढे सात सय रुपैयाँ पर्ने मल पच्चीस सयमा खरीद गर्नुपरेको छ । कतिपय स्थानमा एक क्वीन्टल मल आवश्यक परेको कृषकले घण्टौं लाइनमा बसेर १०–१५ किलो पाइरहेका छन् । आधुनिक खेती प्रणाली अपनाउने नै हो भने बाली बिरुवालाई आवश्यक मापदण्ड अनुसार समयमा मल दिन नसके मापदण्डविपरीतको लगानी बालुवामा पानी सरह हो । त्यसले प्रतिफल दिन सक्दैन ।**

**वर्तमान सरकारले रासायनिक मलमा अनुदान रकम कटौती गरेको छ । यसअघि रासायनिक मल (युरिया, डिएपी, पोटास)मा समग्रमा ७०.८२ प्रतिशत अनुदान दिंदै आएकोमा त्यसलाई कटौती गरेर अब ५९.०४ प्रतिशतमा झारेको छ । चालू आवमा रासायनिक मल शीर्षकमा ३८ अर्ब ५० करोड रुपैयाँ बजेट कायम भएको छ । वास्तविक किसानको हातसम्म समयमा नआइपुग्ने रकम जति छुटचाइए पनि 'कागलाई [redacted]' हो । किसानलाई सहुलियतभन्दा [redacted]को हो । सहुलियत दिने नै हो भने [redacted]मयमा नै किसानसम्म पुग्ने पारदर्शी [redacted] । होइन भने किसानको टाउको [redacted]ोग भइरहेको सहुलियत शीर्षक नै [redacted]**

# खाली दरबन्दी र बेरोजगारीको ताँती

अहिले दैनिक करीब दुई हजारको हाराहारीमा सर्वसाधारण विदेश जान खोजिरहेका छन् भन्ने समाचार प्रकाशनमा आएको छ । दुई हजारमध्ये पाँच सय त अध्ययन, भ्रमण र अन्य प्रयोजनका लागि होलान् भन्न सकिन्छ तर कम्तीमा पन्द्र सय मानिस हरेक दिन कामको खोजीमा विदेश गइरहेका छन् । हरेक गाउँबाट मानिस कामको खोजीमा विदेश गइरहेका छन् । विदेश जान खोज्नुको कारण एउटै हो, काम गरेर धन आर्जन गर्नु । परदेशमा काम सजिलै पाइन्छ र धन आर्जन राम्ररी गर्न सकिन्छ भन्ने भ्रमले नयाँ पुस्तालाई प्रभावित पारिरहेको छ । बाह्र–चौध वर्षका किशोर पनि पढाइमा मन लगाउँदैनन् र सोझै विदेश जाने मनोविज्ञान पालेर कक्षामा समय व्यतीत गरिरहेका हुन्छन् । यो भयावह अवस्था हो ।

एकातिर विदेश जानेको लर्को छ भने अर्कोतिर आधारभूत सेवामा दरबन्दी खाली रहने गरेको छ । योग्य मानिस नपाउँदा यस वर्ष शिक्षक सेवा आयोगले धेरै जिल्लामा आवश्यकताभन्दा कम सिफारिश गर्नुपर्‍यो । आवश्यकताभन्दा कम सिफारिश गरिएकामध्ये मुख्यगरी मधेस प्रदेश र अन्य जिल्लामा मधेसी कोटा नै रहेको छ । केही उदाहरण हेरौं–

नवलपरासी जिल्लामा प्राथमिक तहको मधेसी शिक्षकको माग १४ रहेकोमा एकजना मात्र सिफारिश भएका छन् । मकवानपुरमा मधेसी शिक्षकको कोटा ३३ छुटचाइएकोमा जम्मा १५ जनाको सिफारिश भएको छ । रौतहटमा विज्ञापन गरिएका सिटमध्ये करीब एक सय दरबन्दीमा शिक्षक नै सिफारिश हुन सकेन । सर्लाहीमा पनि धेरै सिटमा सिफारिश हुन सकेन ।

बालबालिका र किशोरहरूमा विदेश पलायन हुने मनोविज्ञानले काम गरिरहँदा पनि यस प्रकार धेरै जिल्लामा मधेसी कोटा खाली गएको देखिएको हो । माध्यमिक, निम्न माध्यमिक र प्राथमिक गरी तीनै तहमा यो समस्या देखिएको छ । देशमा तुलनात्मकरूपमा प्राथमिक शिक्षकको दरबन्दी बढी छ, यसकारण प्राथमिक तहमैं बढी दरबन्दी खाली रहने भएको हो र सिफारिश हुन नसक्दा शिक्षक नै विद्यालयमा पुग्न सक्ने अवस्था नरहेको स्पष्ट छ । एकातिर विद्यालयमा शिक्षक नपुग्नु र अर्कोतिर मानिस बेरोजगारी हुनुको सामाजिक र आर्थिक असर गम्भीर छ । शिक्षाको क्षेत्रमा झन् गम्भीर असर परिरहेको छ । एक हिसाबले गरीबी, अशिक्षा र फेरि गरीबी तथा अशिक्षाको दुष्चक्र चलिरहेको छ । यतातिर कसैको ध्यान जान सकेको

**स्वतन्त्र विचार**



**सञ्जय साह मित्र**

mitrasanjay41@gmail.com

> **जुन पालिकाले शिक्षक उत्पादनमा बढी लगानी गर्दछ, कालान्तरमा त्यस पालिकाले शिक्षक अभाव खेपिरहनु नपर्ने सम्भावना रहन्छ । शिक्षक अभाव नहुँदा हुने सामाजिक, आर्थिक, शैक्षिक फाइदाबारे कुनै पनि पालिका अबुझ नहोला ।**

देखिएको छैन ।

सबैले बुझेका छन् कुनै पनि कक्षाको राम्रो विद्यार्थीको चाहना शिक्षक बन्ने हुँदैन । शिक्षक बन्ने सपना लिएर कोही पनि विद्यार्थी अहिले पढिरहेको पाइँदैन । अहिलेका विद्यार्थीको मुख्य सपना नै डाक्टर वा इन्जिनीयर बन्ने हो । यसपछि सोझै विदेश जाने सपना लिन्छन् । केही विद्यार्थी यस्ता छन्, जो निजामती सेवामा प्रवेश गर्न चाहन्छन् अन्यथा शिक्षण पेशाप्रति किशोरकिशोरीमा अलिकति पनि आकर्षण देखिएको छैन । यो अवस्था भोलिको शिक्षामा जनशक्ति अभाव अझ बढी हुने सङ्केत हो । अहिले नै धेरै दरबन्दी रिक्त रहने समस्या छ भने धेरै मानिस बेरोजगारी रहने प्रवृत्ति देखिएको छ ।

अहिले सिफारिश भएको माध्यमिकदेखि प्राथमिकसम्म शिक्षक सेवा आयोगको नतीजाको विश्लेषण गर्ने हो भने पाँच सयभन्दा बढी दरबन्दीमा उम्मेदवार उत्तीर्ण हुन नसकेको, कतिपयमा उम्मेदवार नै नपुगेको कारणले दरबन्दी रिक्त रहेको देख्न सकिन्छ । एक त विद्यार्थीको अनुपातमा विद्यालयमा शिक्षक दरबन्दी छैन । शिक्षक दरबन्दीमा सिफारिश हुन नसक्दा पनि शिक्षक नपुग्ने अवस्था उत्पन्न भएको हो । यसरी जब शिक्षा प्रदान गर्ने जनशक्ति नै हुँदैन भने शिक्षा कसले प्रदान गर्छ ? अल्प दरबन्दी अर्थात् विद्यालयमा शिक्षक कम हुँदा निस्सन्देह बालबालिकाको अध्ययनमा कमी हुन जान्छ । जहाँ पढाइ नै आवश्यकतानुसार हुन पाउँदैन त्यहाँ शिक्षाको गुणस्तर कस्तो होला ? यो अनुमान गर्न त्यति गाह्रो छैन । यसले फेरि पनि गुणस्तरहीन जनशक्ति नै उत्पादन हुने सम्भवना रहन्छ वा उही मलेशिया, कतार जाने जनशक्ति तयार हुन्छ ।

मानौं कुनै जिल्लामा एक सय दरबन्दी खाली रह्यो । प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तह गरी करीब एक सय सिटमा शिक्षक सिफारिश नहुँदा त्यति युवकले रोजगार पाउने अवस्था गुम्यो अर्थात् एक सय युवाले रोजगार पाउन सकेन । एक सय युवाले रोजगार नपाउँदा बेरोजगारको बजारमा बेरोजगारी जनशक्ति बडिरह्यो । एक सय युवाले सरकारी दरमा नै औसतमा मासिक पैंतीस हजार रुपियाँ आर्जन गर्थ्यो । यसको अर्थ यो पनि भयो कि एक सयजनाले रोजगार पाएको भए वा एक सय दरबन्दी रिक्त नरहेको भए मासिक पैंतीस लाख रुपियाँ जिल्लामा आउँथ्यो । एक वर्षमा करीब साढे चार करोड रुपियाँ कुनै जिल्लामा आउनबाट रोकियो । एक सिट खाली रहँदा मासिक पैंतीस हजार रुपियाँको दरले हेर्ने हो भने एक वर्षमा एकजनाले ४,५५,००० रुपियाँ पाउँछ । यसरी एक वर्षमा कुनै परिवारमा करीब साढे चार लाख रुपियाँ आउँछ भने त्यो परिवार गरीबीको अवस्थाबाट मुक्त हुने देखिन्छ । फेरि पनि स्थायी नोकरी कुनै एक वर्षको लागि होइन, यो एक हिसाबले जीवनभरको लागि हुन्छ । साठी वर्षको उमेरसम्म काम गर्न पाउने र त्यसपछि निवृत्ति भरण पाइन्छ । यसरी साँच्चीकै एक वर्षमा एक सय परिवारको आर्थिक उन्नति हुने सम्भावना रहेको हुन्छ । यसले सम्बन्धित समाज तथा जिल्लाको आर्थिक अवस्थामा पनि सकारात्मक प्रभाव पार्ने कुरामा विश्वस्त हुन सकिन्छ र पुनश्च एक सय शिक्षकले नेपाल सरकारको वर्तमान नीति अनुसार नै कम्तीमा पाँच हजार विद्यार्थी शिक्षा पाउनबाट वञ्चित रहने अवस्था आयो । नेपाल सरकारले एक शिक्षक बराबर पचास विद्यार्थीको अनुपात राखेको छ भन्ने मान्ने हो भने पनि ।

राज्यले युवालाई विदेश जान दिने नीति लिएको छ र युवाहरू कामको खोजीमा विदेश गइरहेका छन् । युवाको रोजगार स्वतन्त्रताको कुरो हो । युवाहरूले कामको खोजीमा विदेश जानु उसको मानव अधिकार तथा स्वतन्त्रको दृष्टिकोणले राम्रो पनि हो तर बालबालिकाले शिक्षा पनि त पाउनुपर्‍यो । दरबन्दी अनुसार शिक्षक नियुक्त नहुँदा बालबालिकाले शिक्षा पाउनबाट वञ्चित हुने देखिएको छ । बालबालिकाले शिक्षा पाउनुपर्छ, यसको लागि राज्यले र अझ सम्बन्धित पालिकाले नै व्यवस्था र व्यवस्थापन गर्नुपर्ने हो । वर्तमान अवस्थामा धेरै शिक्षक दरबन्दी रिक्त रहिरहँदा अर्थात् स्थायी शिक्षक नियुक्त हुन नसक्दाको अवस्थालाई विचार गरेर पालिकाहरूले आफ्नो पालिकाका युवाहरूलाई केन्द्रित गरी कोचिङको व्यवस्था गर्ने हो भने साँच्चीकै आर्थिक अभावमा घरबाहिर जान नसक्ने र घरमा तयारी गर्न नसक्नेहरूले समयमैं घरमा तयारी गर्न पाउँथे । पालिकाहरूले शिक्षक तथा अन्य सरकारी नोकरीको लागि कोचिङ गराउँदा राम्रो हो तर सबैभन्दा बढी शिक्षकमाथि ध्यान दिनुपर्ने हो । शिक्षण नै यस्तो पेशा हो जसले वर्तमान र भविष्य बनाउने काम गर्दछ । कुन पालिकाले आफ्नो क्षेत्रभित्र राम्रो शिक्षा दिन नचाहेको होला ? पालिकाहरूमध्ये निकै कम यस्ता छन्, जसले आफ्नो दरबन्दी सिर्जना गरेका छन् र बालबालिकालाई दिइने शिक्षामा लगानी गरेका छन् । अधिकांश पालिकामा शिक्षामा धेरै लगानी रहेको पाइएको छैन । यसरी यदि शिक्षकको लागि लगातार केही समय कोचिङको व्यवस्था गर्ने हो भने सम्बन्धित पालिकामा युवक शिक्षक बन्न तयार हुने, सम्बन्धित पालिकामा शिक्षकको अभाव नरहने र बालबालिकाले गुणस्तरीय शिक्षा पाउने सम्भावना देखिन्छ ।

अहिलेसम्मको सामान्य प्रवृत्ति के रहेको छ भने अधिकांश शिक्षक आफ्नै पालिकामा फर्कन चाहन्छन् । अन्य जहाँसुकै नोकरी पाए पनि अधिकांशको चाहना आफ्नै घरनजीक वा आफ्नै पालिकामा आउनु हुन्छ । यसैले जुन पालिकाले शिक्षक उत्पादनमा बढी लगानी गर्दछ, कालान्तरमा त्यस पालिकाले शिक्षक अभाव खेपिरहनु नपर्ने सम्भावना रहन्छ । शिक्षक अभाव नहुँदा हुने सामाजिक, आर्थिक, शैक्षिक फाइदाबारे कुनै पनि पालिका अबुझ नहोला । यतातिर बुद्धिजीवी तथा पालिकाको ध्यान जानु आवश्यक भइसकेको छ ।

# पाथीभरामा बलिप्रथा घट्दै, वन्यजन्तुको संरक्षणमा सहयोग

–सन्तोष पुर्कुटी

ताप्लेजुङ, १ चैत/रासस

यहाँको प्रसिद्ध तीर्थस्थल पाथीभरा मन्दिरमा केही वर्षअघिसम्म दैनिक सयौं पशुको बलि चढाउने गरिन्थ्यो । बलि चढाउँदा देवी खुशी हुने र आफूले चिताएका इच्छा, आकाङ्क्षा पूरा हुने विश्वासले यहाँ आउने ८० प्रतिशतभन्दा बढी भक्तजनले पशुको बलि चढाउने गर्दथे । मन्दिरका पुजारी डिल्ली आचार्यका अनुसार बडा दशैं र रामनवमीका बेलामा स्वदेश तथा विदेशबाट आएका भक्तजनले पशुबलि चढाउने गर्छन् । उक्त समयमा पाँच सयदेखि एक हजारभन्दा बढी पशुको बलि चढाइन्थ्यो ।

अहिले यो चलन बिस्तारै घट्दै गएकाले हिजोआज निकै कम पशुबलि दिने गरिएको उनले बताए । "पहिला चाडबाडका बेला प्रत्येक दिन पाँच सयदेखि एक हजार दुई सयसम्म बलि चढाइन्थ्यो, तर अहिले बढीमा १५–२० वटा मात्र बलि चढाइन्छन् । पशुबलिको विकल्पका रूपमा भक्तजनले नरिवल फुटाएर पूजा गर्नाका साथै फलफूल चढाउने, लाखबत्ती बाल्ने चलन बढेको छ," आचार्यले भने ।

बलि चढाउँदा पशुका रगतले मन्दिर परिसर रातोम्य हुने गरेकामा पछिल्लो समय सफा र सुन्दर देखिन्छ । रगतका



पाथीभरा मन्दिर । तस्वीरः फाइल

कारण हुने फोहर र दुर्गन्धमा कमी हुनाका साथै मन्दिर वरपर सफा र सुन्दर देखिन थालेको पाथीभरा क्षेत्र विकास समितिका कार्यकारी निर्देशक मनमणि काफ्लेले बताए ।

पछिल्लो समय प्राणीको हत्या नगरेर पनि धर्म हुन्छ भन्ने चेतनाको विकास भएकाले बलिप्रथा हराउँदै गएको पाथीभरा दर्शनमा आएका झापा निवासी विष्णुप्रसाद आचार्यले बताए । उनले धर्मले प्रेम, सद्भाव र पुण्यको सन्देश दिने भन्दै धर्मका नाममा हुने बलिप्रथा पूर्णरूपले निर्मूल हुनुपर्नेमा जोड दिए । समाजमा धर्मका नाम हुने हत्या गलत भएको आवाज उठ्न थालेकाले यो प्रथा बिस्तारै कम हुँदै गएको मन्दिर दर्शनका लागि आउने भक्तजनको भनाइ छ ।

यस क्षेत्रमा बलिप्रथा न्यून हुँदै जाँदा मन्दिर क्षेत्रमा छाडा कुकुर जाने र फोहर गर्ने क्रम पनि घटेको छ । रेडपान्डाको बासस्थान मानिएको पाथीभरा क्षेत्रमा छाडा कुकुरको आक्रमणमा रेडपान्डा पर्ने गरेका थिए । अहिले छाडा कुकुर केही घट्नुका साथै भएका कुकुरलाई पनि नियन्त्रणमा राखिएकाले रेडपान्डा आक्रमण हुनबाट जोगिएको र त्यसको संरक्षण हुन थालेको रेडपान्डा संरक्षणको क्षेत्रमा काम गर्दै आएका रमेश राईले बताए ।

"बलि चढाएका पाठापाठीको मासु प्रशस्त हुने भएकाले गाउँघरबाट अत्यधिक कुकुर त्यहाँ पुग्ने र रेडपान्डालाई आक्रमण गर्ने गर्दथे । अहिले यो क्रम केही मात्रामा भएपनि रोकिएको छ," उनले भने । मन्दिर वरपर र बाटो क्षेत्रमा जथाभावी फालिएका फोहोर तथा खाना खाएर जतातत्तै फालिने मासुजन्य फोहरका कारण कुकुर पाथीभरा क्षेत्र जान पल्किने गरेकामा अहिले बलि दिने क्रम घटेसँगै मन्दिर आसपासका क्षेत्र सफा देखिन थालेका राईले बताए ।

"बलिका नाममा निर्मम पशु हत्या घट्नाले पाथीभराको सुन्दरता मात्रै बढेको छैन, स्थानीयस्तरमा पाइने वन्यजन्तुको

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# कर्मचारीको विवरण बुझाउन निर्देशन

काठमाडौं, १ चैत/रासस

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सङ्घीय कार्यालयका कर्मचारीहरूको विवरण माग गरेको छ। मन्त्रालयले सबै मन्त्रालय, संवैधानिक आयोग र संवैधानिक निकायहरूलाई परिपत्र गर्दै तीन दिनभित्र कर्मचारीको विवरण बुझाउन आग्रह गरेको छ।

मन्त्रालयका उपसचिव कमानसिंह थापाद्वारा हस्ताक्षरित उक्त परिपत्रमा भनिएको छ, "मन्त्रालय-संवैधानिक आयोगको स्वीकृति सङ्गठन संरचनाबमोजिम कर्मचारीको पदपूर्तिसम्बन्धी ढाँचामा कर्मचारीको विवरण तीन दिनभित्र मन्त्रालयको कर्मचारी महाशाखामा बुझाउन निर्णय अनुसार अनुरोध छ।" उक्त परिपत्रमार्फत मन्त्रालयले पद, श्रेणी, सेवा समूह, स्वीकृत दरबन्दी, पदपूर्ति, रिक्त, फाजिल, सरुवालगायतका विवरणसमेत माग गरेको हो।

# च्याउखेतीबाट वार्षिक १० करोडको कारोबार

सर्लाही, १ चैत/रासस

वाग्मती नगरपालिका-१० का स्थानीय ध्रुव चौलागाईंले च्याउखेती शुरू गरेको १० वर्ष भयो। विभिन्न देशमा गरी एक दशक वैदेशिक रोजगारमा बिताएका उनी तराईका जिल्लाबाट ठूलो परिमाणमा गोलभेंडा र च्याउ काठमाडौं ढुवानी भइरहेको देखेपछि आफू त्यसतर्फ आकर्षित बताए।

काठमाडौं उपत्यकामा च्याउ र गोलभेंडाको राम्रो माग देखे पनि तत्कालीन समयमा रु एक लाख लगानीमा उनले ध्रुव कृषि फर्म प्रालि दर्ता गरी च्याउखेती शुरू गरे।

"जब मैले तराईका जिल्लाबाट ठूलो मात्रामा गोलभेंडा र च्याउ काठमाडौं लैजाँदै गरेको देखें, तब यो सोच पलाएको थियो," उनले भने, "त्यसपछि यो खेतीमा राम्रो सम्भावना छ देखेरै विदेशको जागीर छाडेर यसैमा सक्रिय भएको हुँ।"

रु एक लाख लगानीमा १५० पोका च्याउबाट शुरू भएको व्यवसायमा हालसम्म रु ११ करोड भइसकेको छ भने १७ जनाले रोजगार पनि पाएका छन्। उनले हाल अहिले एक बिघा जमीनमा ठूला आठवटा अत्याधुनिक टनेल बनाएका छन्। फर्ममा उत्पादित च्याउको थोक बिक्रीबाट वार्षिक रु १० करोडसम्म कारोबार गरेको उनको भनाइ छ।

व्यवसायमा आमा, बुबा, पत्नी र छोराको राम्रो साथ पाएका उनले कोरोना महामारीको समयमा विद्युत् सर्ट भएर फर्ममा आगलागी भई क्षति हुँदा करीब रु नौ करोड ऋण लागेको बताए।

कक्षा १२ सम्मको अध्ययन गरेका चौलागाईं बिहानदेखि रातिसम्म फर्ममा


तस्वीर: रासस

कर्मचारीसँगै खट्छन्। "च्याउबाट निरन्तर आम्दानी हुँदैन, मौसम अनुसार उत्पादन भएकालाई बजार पुऱ्याउनुपर्छ," उनले भने, "फर्ममा कन्या र गोब्रे च्याउ उत्पादन भइरहेको छ।"

हाल फर्ममा कन्या, गोब्रे, सिताके, ज्ञानडोर्न, पत्याकोलगायतका च्याउका जातको बीउ उत्पादन गर्नुका साथै कम्पोस्ट बनाउने पनि काम भइरहेको जानकारी दिए। यहाँ उत्पादन हुने च्याउ स्थानीय बजारका साथै मकवानपुर, चितवन र काठमाडौंलगायतका बजारमा पुग्ने गरेको चौलागाईंको भनाइ छ। उनले च्याउ हाल प्रतिकिलो रु ३५० का दरले बिक्री गर्दै आएका छन्।

**सातजनालाई आवासीय जागीर**

चौलागाईंले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (सिटिइभिटी)बाट तालीम लिएका छन्। उनले तनहुँका दुईजना र बुटवलका पाँचजना गरी सातजनालाई आवासीय जागीर पनि दिएका छन्।

फर्म हेरचाहदेखि च्याउका लागि कच्चा पदार्थ तयार गर्ने, बीउ उत्पादन गर्नेलगायतका काम गर्नुपर्छ। योबाहेक आवश्यकता अनुसार अन्य काम गर्न स्थानीय १० जनालाई पनि फर्ममा राखेका छन्। आफू, पत्नी, छोरा र आमाबुबाका साथै १७ जना मजदूर गरी २३ जनाले निरन्तर फर्ममा काम गरिरहेका छन्।

उनी यतिबेला उत्पादन वृद्धि गर्दै बजारीकरण बढाउने प्रयासमा छन्। शुरूमा वाग्मती नगरपालिकाले रु १० लाख अनुदान दिएको र त्यसपछि कहींकतैबाट आफूले सहयोग नपाएको चौलागाईंले बताए।

# विमान दुर्घटना जाँच आयोगको म्याद थप

काठमाडौं, १ चैत/रासस

सरकारले यति एयरलाइन्सको विमान दुर्घटना अध्ययन गर्न गठित 'विमान दुर्घटना जाँच आयोग'को म्याद ४५ दिन थप गर्ने निर्णय गरेको छ। गत फागुन ३० मा बसेको मन्त्रिपरिषद्को बैठकले उक्त निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिइन्।

सरकारले गत माघ १ मा पोखरामा भएको यति एयरलाइन्सको विमान दुर्घटनाको सत्यतथ्य पत्ता लगाउन पूर्वसचिव नागेन्द्र घिमिरेको संयोजकत्वमा पाँच सदस्यीय जाँच आयोग गठन गरेको थियो। आयोगलाई ४५ दिनको समयावधि तोकिएको थियो।

दुर्घटनाको कारण पहिचान गर्न र आगामी दिनमा त्यस्ता दुर्घटना दोहोरिन नदिनका लागि अपनाउनुपर्ने सुझावसहितको प्रतिवेदन दिन आयोग गठन गरेको हो।

आयोगका सदस्यमा हवाई विज्ञद्वय दीपकप्रकाश बाँस्तोला (अवकाशप्राप्त उपरथी) र सुनील थापा (अवकाशप्राप्त क्याप्टेन) तथा हवाई मर्मत इन्जिनीयर एकराजजङ्ग थापा छन्।

आयोगको सदस्यसचिवमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने छन्।



**खच्चडमा सामग्री ढुवानी गर्दै**: डोल्पाको सदरमुकाम दुनैबाट उपल्लो डोल्पाको काइके गाउँपालिकातर्फ तार जाली ढुवानी गर्न खच्चडमा राखिंदै। दुनैबाट काइके ढुवानी गरेबापत प्रतिखच्चड रु तीन हजार पर्दछ। तस्वीर: रासस

# सडक निर्माण शुरू भएपछि स्थानीयवासी खुशी

गोलबजार, १ चैत/रासस

सिराहाको लहान नगरपालिका-९ बसहाजोरीदेखि बेतहासम्म सडक निर्माण


तस्वीर: रासस

शुरू भएपछि स्थानीयवासी खुशी भएका छन्।

यस उत्तरी दुर्गम भेगमा मधेस प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयको रु चार करोड ८० लाख ८५ हजारको लागतमा उक्त सडक निर्माण भइरहेको छ।

एक निर्वाचन क्षेत्र एक पिच सडक कार्यक्रम अन्तर्गत प्रदेशसभा निर्वाचन क्षेत्र नं १ (१) मा निर्माण हुन लागेको उक्त सडक यसै आर्थिक वर्षमा सक्नेगरी काम भइरहेको भौतिक पूर्वाधार विकास कार्यालयका प्रमुख इन्जिनीयर रामदेव खड्काले बताए।

अहिले यहाँ साढे तीन किलोमिटर लामो र ३० फिट चौडाइको सडक निर्माण भइरहेको छ। तीन हजार चार सय मिटर सडकमध्ये नौ सय मिटर आरसिसी ढलान र दुई हजार छ सय मिटर अस्फालट कङ्क्रिटसहितको सडक बनाउन माटो सम्याउने कार्य भइसकेको र छवटा स्ल्याबसहित कल्भर्टको कार्य अन्तिम चरणमा रहेको उक्त कार्यालयका इन्जिनीयर रुद्रनारायण पण्डितले बताए। सो सडकको ठेक्का चितवनको ओएसिस इन्जिनीयर एन्ड बिल्डर्सले पाएको छ।

हिउँदमा धुलाम्मे र बर्सात्मा हिलाम्मे रहने उक्त सडकखण्ड निर्माण भइरहेको देखेर स्थानीयवासी खुशी भएका छन्। बाटोको अभावमा दुर्गम क्षेत्रका रूपमा परिचित यो क्षेत्रमा अब सडक निर्माणले सुगममा परिणत हुने लहान नगरपालिका-९ का अध्यक्ष ध्रुव चौधरीले बताए।

सडकको अभावमा आपतविपत्को बेलामा समयमैं वारुणयन्त्र वा एम्बुलेन्स बोलाउन सपना जस्तै भएको थियो तर अहिले सडक निर्माण भएपछि सहज भएको स्थानीयवासी श्याम सदायले बताए। सडक निर्माण भएपछि सार्वजनिक सवारीसाधनका रूपमा तीन पाङ्ग्रे टेम्पु आउन थालेको स्थानीयवासी रीता चौधरीले उल्लेख गरिन्।

लहान नगरपालिका-१५ मा अवस्थित धार्मिकस्थल पञ्चावती राजदेवी मन्दिर तथा सोही वडामा रहेका हात्तीदह र दह सिमसार पर्यटकीय क्षेत्र जाने मुख्य बाटोसमेत भएकाले यहाँ आन्तरिक पर्यटक बढ्न सक्ने अपेक्षा गरिएको छ।

# यादवलाई मत दिने काङ्ग्रेसको निर्णय

काठमाडौं, १ चैत/रासस


रामसहायप्रसाद यादव

नेपाली काङ्ग्रेसले आसन्न उपराष्ट्रपति पदको निर्वाचनमा जनता समाजवादी पार्टी नेपाल (जसपा)का नेता रामसहायप्रसाद यादवलाई मत दिने निर्णय गरेको छ।

उपराष्ट्रपति पदको निर्वाचनमा यही चैत ३ गते हुँदैछ।

काङ्ग्रेस केन्द्रीय कार्यसम्पादन समितिको आज बसेको बैठकले सत्ता गठबन्धनका तर्फबाट उपराष्ट्रपति पदका उम्मेदवार जसपा नेपालका नेता यादवलाई मत दिने निर्णय गरेको हो।

# डढेलोको असर : वनमा चराचुरुङ्गी र वन्यजन्तुको चहलपहल घट्यो

महोत्तरी, १ चैत/रासस

वनमा पस्ने बित्तिकै सुनिने चराचुरुङ्गीको चिरबिर महोत्तरीमा सुनिन छाडेको छ। रङ्गीबिरङ्गी चरा र वन्यजन्तुको चहलपहल हुन छाड्दा वनको रमाइलो घटेको नजीकका बासिन्दा बताउँछन्।

अहिले दिनहुँजसो वनक्षेत्रमा डढेलो बढ्दै गएपछि चराचुरुङ्गी र वन्यजन्तुको चहलपहल देखिन छाडेको यिनका आनीबानी बुझेका वनक्षेत्रनजीकका सर्वसाधारणको भनाइ छ। बर्दिबास नगरपालिकाको मुख्य केन्द्र बर्दिबासचोकबाट पाँच सय मिटर मात्र दूरीमा रहेका नेवारडाँडा, कामीडाँडा, पानीखोल्सी र रातमाटा सामुदायिक वनमा सहजै देखिने मयुर फागुन १५ गतेयता देखिन छाडेको बर्दिबास-१ र ३ का गौरीडाँडाका बासिन्दा बताउँछन्।

"मयुर त जताततै देखिन्थे, यसो खोल्सीतिर पस्ने बित्तिकै थरीथरीका चराको चिरबिर सुनिन्थ्यो," बर्दिबास-१ का बासिन्दा विनोद खड्का भन्छन्, "अचेल केही दिनयता यी चरा देखिंदैनन्।" त्यसैगरी, वनमा बाक्लै रहने खरायो, दुम्सी, फ्याउरो र स्याल पनि हराएका खड्का बताउँछन्। यी तीनवटै सामुदायिक वन बर्दिबास-१ को मुख्यचोक र ३ को गौरीडाँडा बस्तीमाझमा पर्छन्।

पछिल्लोपटक तीन दिनदेखि नेवारडाँडा-कामीडाँडा वनमा डढेलो लाग्दै आएको छ। त्यसैगरी रातमाटा वनक्षेत्रका कैयौं ठाउँमा डढेलो बढ्दै गएको छ।

आफ्नो बासस्थान वरपर डढेलो बढ्दै गएपछि चराचुरुङ्गी र वन्यजन्तु कतिपय डढेलोको चपेटामा परी मरेका तथा अरू ज्यान जोगाउन अन्तै गएपछि वन सुनसान भएको बर्दिबास-३ का अध्यक्ष विराट विष्ट बताउँछन्।

उनी भन्छन्, "भर्खरै दुई दिनअघि मात्र नेवारडाँडा-कामीडाँडा वनको सिरानस्थित सुरेश बस्नेतको घरमा डढेलो लाग्यो।" दिनदिनैको डढेलोले वनसँगै टाँसिएका बस्तीका बासिन्दा राति निश्चिन्त भएर सुत्न नसकेका विष्टको भनाइ छ। "त्रासैत्रासमा छौं, कतिखेर डढेलो कहाँ देखिने हो भन्ने मनमा कुरा खेलिरहन्छ," विष्टले भने।

यसैगरी, जिल्लाको चुरे पहाडी शृङ्खला बर्दिबास नगरक्षेत्रमैं पर्छ। पूर्व-पश्चिम राजमार्ग वारिपारिका सबैजसो वनमा अहिले डढेलोको मुस्लो, डढेलोले जलेको ठुटा र खरानी देखिन्छ। डढेलोले


डढेलोले नष्ट भएको वनजङ्गल। तस्वीर: फाइल/ प्रतीक

गर्दा वनका चराचुरुङ्गी, जीवजन्तु हराउनुका साथै बहुमूल्य जडीबुटी तथा काठ डढेर खरानी भएको देख्नुपरेको ६० वर्षीया कर्णमाया गुर्मछाने बताउँछिन्।

पूर्वमा रातुपुलबाट पश्चिममा बाँके पुलसम्म पूर्व-पश्चिम राजमार्गको १८ किलोमिटर दूरी महोत्तरीमा पर्छ। यो दूरीभित्रको भब्सीपुलबाट बाँकेसम्मको करीब १५ किमी दूरीभित्र दायाँबायाँ वनक्षेत्र छ। अहिले दिनहुँ वनक्षेत्रमा जताततै डढेलोले वनसम्पदा सखाप पार्दैछ। यसपालि हिउँदे वर्षा नहुँदा वनक्षेत्रमा सुकेर झरेका पतिङ्गरमा आगो चाँडै फैलँदा छिनभरमैं जताततै काला ठुटा र खरानी देखिन्छ।

यता वनसम्बद्ध कर्मचारी भने आवश्यक सङ्ख्याका सुरक्षा जनशक्ति नहुँदा सघन गस्ती हुन नसकेको बताउँछन्। "हामीसँग भएको जनशक्ति हिंडेकोहिड्यै छ, एकातिर गयो, अर्कोतिर डढेलो लाग्छ," बाँके सबडिभिजन वन कार्यालयका एक कर्मचारीले भने, "यो वन कर्मचारीबाट मात्रै नियन्त्रण हुन सक्ने कुरा होइन।"

बर्सेनि डढेलोविरुद्ध जनचेतना अभिवृद्धिका कार्यक्रम गरिए पनि यो समस्या भने घटेको छैन। वनक्षेत्रनजीकका पशुपालक किसानका गोठालाले नै डढेलो लगाएपछि वर्षा हुनासाथ नयाँ घाँस पलाउने विश्वासमा डढेलो लाउने गरेका वनसम्बद्ध कर्मचारीको निष्कर्ष छ।

"कतिपय अवस्थामा रूख-रूखको घर्षणबाट निस्कने आगोले पनि डढेलो सल्कन्छ, तर यस्तो कमै हुन्छ," गणन्ता सबडिभिजन वन कार्यालयका प्रमुख सहायक वन अधिकृत रामसुन्दर साह भन्छन्, "हामीकहाँ भने असावधानीसाथ मिल्काइएका बिंडी, चुरोटका ठुटा र घाँस पलाउने आसमा गोठालाले सल्काउने आगोले नै डढेलो लाग्ने गरेको छ।"

वनसम्बद्ध कर्मचारी सबै ठाउँमा पुग्न नसक्ने हुँदा यसमा आम सर्वसाधारणको चासो आवश्यक रहेको साह बताउँछन्। वनक्षेत्रनजीकका बस्ती-बस्तीमा डढेलोविरुद्धको जिम्मेवारीसहितको सामुदायिक सहभागिता बढाउन सके यो समस्या घटाउन सकिने वनविज्ञ बताउँछन्।

वन वरपरका सबै बस्तीमा स्थानीय जनप्रतिनिधि, सामाजिक सङ्घसंस्थाका प्रतिनिधि र सर्वसाधारणलाई आवश्यक तालीम दिएर सङ्गठित सामाजिक जिम्मेवारी दिए यसमा सुधार आउन सक्ने चुरे तथा वनबारे काम गर्दै आएको सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल, बर्दिबासका अध्यक्ष नागदेव यादवको सुझाव छ।

जिल्लामा राष्ट्रिय वन, सामुदायिक वन, धार्मिक वन र सागरनाथ वन विकास परियोजनासमेत २४ हजार हेक्टरभन्दा बढी वनक्षेत्र रहेको तथ्याङ्क छ। अतिक्रमण र डढेलोको चपेटाले दिनदिनै सघन वनक्षेत्र पातलिंदै गएको वनसम्बद्ध कर्मचारी नै स्वीकार गर्छन्।

# बजेट घाटा डेढ खर्ब नाघ्यो, पूँजीगत खर्च २२ प्रतिशत मात्रै

काठमाडौं, १ चैत/रासस

चालू आर्थिक वर्ष २०७९/८० को आठ महीनामा सरकारको बजेट घाटा रु एक खर्ब ५६ अर्ब ४४ करोड नाघेको छ। फागुन मसान्तसम्म सरकारले रु सात खर्ब ७९ अर्ब २३ करोड बराबर बजेट खर्च गर्दा राजस्व सङ्कलन भने रु छ खर्ब २२ अर्ब ७८ करोड १४ लाख मात्रै छ।

महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक गरेको चालू आवको फागुन मसान्तसम्मको राजस्व सङ्कलन र बजेट खर्च विवरण अनुसार सरकारको आम्दानीभन्दा खर्च बढी देखिन्छ। यो अवधिमा सरकारी राजस्व सङ्कलन वार्षिक लक्ष्यको ४२ दशमलव सात प्रतिशत छ भने बजेट खर्च ४३ दशमलव ४४ प्रतिशत छ।

चालू आर्थिक वर्षका लागि सरकारले रु १७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाख बराबरको बजेट ल्याएको थियो। तर लक्ष्य अनुसार राजस्व नउठेको भन्दै अर्धवार्षिक समीक्षामार्फत बजेटको आकार १४ प्रतिशत अर्थात रु दुई खर्ब ४४ अर्बले घटाएर रु १५ खर्ब ४९ अर्ब ९९ करोड कायम गरिएको छ।

सुरुआती विनियोजित बजेटको तुलनामा आठ महीनाको बजेट खर्च ४३ दशमलव ४४ प्रतिशत मात्रै छ। अर्थात् फागुन मसान्तसम्म सरकारले कुल रु सात खर्ब ७९ अर्ब २३ करोड बजेट खर्च गरेको छ।

यस अवधिमा सरकारको चालू खर्च ५१ दशमलव ४६, पूँजीगत खर्च २२ दशमलव १५ र वित्तीय व्यवस्थातर्फको खर्च ३७ दशमलव ४१ प्रतिशत छ। चालूगत शीर्षकमा रु ११ खर्ब ८३ अर्ब २३ करोड ५१ लाख बराबर वार्षिक विनियोजन रहेकोमा हालसम्म रु छ खर्ब आठ अर्ब ८४ करोड ४५ लाख बराबर छ।

त्यस्तै, पूँजीगत शीर्षकमा रु तीन खर्ब ८० अर्ब ३८ करोड ४५ लाख वार्षिक विनियोजन रहेकोमा २२ दशमलव १५ प्रतिशत अर्थात् रु ८४ अर्ब २५ करोड ६० लाख बराबर मात्रै खर्च भएको छ। वित्तीय व्यवस्थापनतर्फ रु दुई खर्ब ३० अर्ब २१ करोड ७७ लाख वार्षिक बजेट छुट्याइएकोमा फागुन मसान्तसम्म रु ८६ अर्ब १२ करोड ९६ लाख खर्च भएको छ। महालेखा नियन्त्रकको तथ्याङ्क हेर्दा आठ महीना अवधिमा पूँजीगत खर्चभन्दा वित्तीय व्यवस्थातर्फको खर्च बढी छ।

फागुन मसान्तसम्ममा सरकारी राजस्व सङ्कलन वार्षिक लक्ष्यको ४२ दशमलव सात प्रतिशत बराबर मात्रै छ। चालू आर्थिक वर्षका लागि सरकारले रु १४ खर्ब ५८ अर्ब ६० करोड ५३ लाख राजस्व उठाउने लक्ष्य राखेकोमा हालसम्म रु छ खर्ब २२ अर्ब ७८ करोड १४ लाख मात्रै असुली भएको छ। जसमध्ये आन्तरिक राजस्व सङ्कलन ४१ दशमलव ५३ प्रतिशत अर्थात् रु पाँच खर्ब ८२ अर्ब ७७ लाख १५ हजार रहेको छ।

यस वर्ष रु ५५ अर्ब ४५ करोड ८३ लाख वैदेशिक सहायता लिने सरकारको लक्ष्य रहेकोमा हालसम्म आठ दशमलव ६६ प्रतिशत अर्थात् रु चार अर्ब ८० करोड २० लाख बराबर मात्रै वैदेशिक सहायता भित्रिएको छ।

# लक्ष्य अनुसार उठेन आन्तरिक राजस्व

काठमाडौं, १ चैत/रासस

चालू आर्थिक वर्ष २०७९/८० को आठ महीनामा आन्तरिक राजस्व सङ्कलन लक्ष्यभन्दा न्यून देखिएको छ। आन्तरिक राजस्व विभागका अनुसार फागुन मसान्तसम्ममा लक्ष्यको करीब ८० प्रतिशत मात्रै आन्तरिक राजस्व उठेको हो।

दोस्रो चौमासिकसम्ममा विभागले रु तीन खर्ब ५३ अर्ब ९१ करोड ४७ लाख बराबर आन्तरिक राजस्व उठाउने लक्ष्य राखेको थियो। तर यो अवधिको लक्ष्यको तुलनामा ७९ दशमलव ७८ प्रतिशत अर्थात् रु दुई खर्ब ८१ अर्ब ९९ करोड ३० लाख मात्रै उठेको हो।

गत आवको फागुनसम्मको तुलनामा चालू आवको सोही अवधिको तुलनामा राजस्व असुली एक प्रतिशत बिन्दुले कम हो। विभागले गत आवको आठ महीनामा रु दुई खर्ब ८५ अर्ब १२ करोड दुई लाख बराबर राजस्व उठाएको थियो। हालसम्म उठेको आन्तरिक राजस्वको अवस्था हेर्दा शिक्षाकरबाहेक सबै क्षेत्रमा न्यून असुली भएको छ।

फागुन मसान्तसम्म रु एक खर्ब ५८ अर्ब २५ करोड चार लाख बराबर आयकर उठाउने लक्ष्य राखेको विभागले रु एक खर्ब १७ अर्ब सात करोड १९ लाख मात्रै असुली गरेको छ। यो अवधिको आयकर लक्ष्यको ७३ दशमलव ९८ प्रतिशत अर्थात् लक्ष्यको तुलनामा आयकर सङ्कलन करीब १६ प्रतिशत बिन्दुले कम हो।

मूल्य अभिवृद्धि कर (भ्याट) सङ्कलन पनि लक्ष्यभन्दा निकै न्यून छ। फागुन मसान्तसम्ममा रु ८२ अर्ब ४३ करोड ३८ लाख भ्याट उठाउने लक्ष्य राखिएकोमा रु ६८ अर्ब ७७ करोड ३८ लाख मात्रै सङ्कलन भएको छ। जुन असुली लक्ष्यको ८३ दशमलव ३२ प्रतिशत बराबर हो। त्यस्तै, गत वर्षको यही अवधिको तुलनामा आयकर सङ्कलन तीन प्रतिशत बिन्दुले न्यून हो। गत वर्ष फागुन मसान्तसम्ममा विभागले रु ७० अर्ब ७५ करोड ८४ लाख बराबर भ्याट उठाएको थियो।

अन्त:शुल्क गत वर्षको तुलनामा केही बढेको देखिए पनि यस वर्षको लक्ष्य अनुसार भने उठेको देखिंदैन। विभागका अनुसार फागुन मसान्तसम्म रु ७६ अर्ब ८२ करोड ४० लाख अन्त:शुल्क लक्ष्य




लिइएकोमा ८४ दशमलव ३६ प्रतिशत अर्थात् रु ६४ अर्ब ८१ करोड ६ लाख सङ्कलन भएको छ। गत वर्ष फागुनसम्मको तुलनामा यस वर्षको सोही अवधिमा अन्त:शुल्क चार प्रतिशत बिन्दुले बढेको छ।

दोस्रो चौमासिक अवधिमा घरबहाल कर ७८ दशमलव ८१ प्रतिशत सङ्कलन भएको छ। फागुन मसान्तसम्मका लागि रु दुई अर्ब १४ करोड ८८ लाख बराबर घरबहाल कर उठाउने लक्ष्य राखिएकोमा रु एक अर्ब ६९ करोड ३५ लाख बराबर मात्रै उठेको हो। गत वर्षको यही अवधिको तुलनामा घरबहाल कर १० प्रतिशत बिन्दुले घटेको छ। गत वर्ष रु एक अर्ब ८७ करोड २७ लाख बराबर उठेको थियो।

त्यस्तै, स्वास्थ्य सेवा कर असुली लक्ष्यको ९७ दशमलव ११ प्रतिशत मात्रै देखिन्छ। विभागले फागुन मसान्तसम्ममा रु चार अर्ब ८५ करोड स्वास्थ्य कर उठाउने लक्ष्य राखेकोमा रु चार अर्ब ७१ करोड बराबर मात्रै सङ्कलन भएको देखिएको हो। यही अवधिमा शिक्षाकर भने लक्ष्यभन्दा बढी उठेको छ। आठ महीना अवधिमा रु एक अर्ब ४२ लाख शिक्षाकर उठाउने लक्ष्य राखिएकोमा रु एक अर्ब ६ करोड ४० लाख बराबर उठेको हो।

# चितवन क्षेत्र नं २ मा थपिए मतदाता

चितवन, १ चैत/रासस

चितवन क्षेत्र नं २ मा हुने उपनिर्वाचनमा एक लाख २४ हजार ६४६ मतदाता सहभागी हुने भएका छन्।

प्रतिनिधिसभा निर्वाचन २०७९ को तुलनामा यसपटक ६३१ जना मतदाता थपिएको जिल्ला निर्वाचन कार्यालयका प्रमुख भीमसेन कार्कीले जानकारी दिए।

वैशाख १० गते हुने उपनिर्वाचनका लागि मतदाता नामावलीमा दाबी विरोधका कार्यक्रम सकिएको उनले बताए। उनले भने, "पुराना मतदातामा मृत्यु भएका र दोहोरो नामावली भएका गरी दुई सयजना हाराहारी मतदाताको नामावली काटिनेछ।"

चितवन क्षेत्र नं २ मा कालिका नगरपालिका, भरतपुर महानगरपालिकाका १० वटा वडा र इच्छाकामना गाउँपालिका पर्दछन्। कार्यालयले जाँचबुझपछि नामावली पठाउन लागेको हो। अन्तिम नामावली भने चैत १५ मा प्रकाशन हुने उनले बताए।

मतदाता नामावली प्रकाशनसँगै चैत १८ मा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिनेछ। चैत २० मा उम्मेदवारी दर्ता, चैत २१ मा उम्मेदवारविरुद्ध दाबी विरोध, चैत २२ मा उम्मेदवारको नामावली प्रकाशन र चैत २३ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशनसँगै निर्वाचन चिह्न प्रदान गरिनेछ। गत मङ्सिरमा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन चितवन क्षेत्र नं २ मा ६७ प्रतिशत मतदान भएको थियो।

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९ मा निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको नागरिकता विवादमा सर्वोच्च अदालतले प्रतिनिधिसभा सदस्य पद खारेज गरेसँगै यहाँ उपनिर्वाचन हुन लागेको हो।



**सिमलका रुखमा काकाकुल चरा** : पर्वतको फलेवास जङ्गलमा सिमलको रुखमा बसिरहेको काकाकुल चरा। गाउँघरतिर यसलाई सर्प खाने चरा पनि भन्ने गर्छन्। तस्वीरः रासस

## फरक समाचार

# भिजाएको अन्जीर दिनहुँ खाँदा यी छवटा फाइदा

अन्जीर स्वास्थ्यका लागि निकै फाइदाजनक मानिन्छ। त्यसैले धेरै मानिसले आफ्नो आहारमा अन्जीरलाई पनि समावेश गर्छन्। अन्जीरमा एन्टीअक्सिडेन्ट, फाइबर, जिङ्क, मैंगनीज, म्याग्नेशियम, आइरन जस्ता पोषक तत्त्वहरू पाइन्छन्। हामीले नियमितरूपमा अन्जीरको सेवन गरेमा सधैं फिट र स्वस्थ रहन सक्छौं। हामीले कुनै पनि तरीकाले अन्जीरको उपभोग गर्न सक्छौं। तर भिजाएको अन्जीर खाँदा बढी फाइदाजनक मानिन्छ। भिजाएको अन्जीर खाँदा शरीरले यसमा भएका पोषक तत्त्वहरू सजिलै सोस्छ। भिजाएको अन्जीर खाँदा तौल घटाउन मदत पुग्छ र पेटको लागि पनि फाइदाजनक हुन्छ। भिजेको अन्जीर मुटुको स्वास्थ्यको लागि पनि फाइदाजनक हुन्छ। भिजाएको अन्जीरका फाइदाहरू–



**१. मुटुको स्वास्थ्यमा सुधार**

अन्जीरमा पाइने एन्टिअक्सिडेन्टले रक्तचाप नियन्त्रण गर्न मदत गर्छ। यो मुटुको स्वास्थ्यको लागि पनि राम्रो मानिन्छ। अन्जीरले शरीरमा ट्राइग्लिसराइड्सको स्तर घटाउन मदत गर्छ।

**२. हाड बलियो बनाउँछ**

अन्जीरमा तामा, क्याल्शियम, फास्फोरस, म्याग्नेशियम, पोटाशियम पाइन्छन्। यी सबै पोषक तत्त्व हाडको स्वास्थ्यको लागि धेरै महत्त्वपूर्ण छन्। यी सबै पोषक तत्त्वहरूले हाम्रो शरीरका हाडलाई बलियो बनाउँछ।

**३. प्रजनन क्षमता बढाउँछ**

अन्जीर मैंगनीज, म्याग्नेशियम, फलाम जस्ता खनिजहरूको भण्डार हो। यी सबै तत्त्वले प्रजनन स्वास्थ्यलाई बढावा दिन्छ। यसमा पाइने एन्टिअक्सिडेन्ट र फाइबर हर्मोन असन्तुलन र महीनावारीको समयमा हुने समस्यामा पनि निकै प्रभावकारी हुन्छन्। महिलाहरूलाई कमजोरीमा अन्जीर खाने सल्लाह दिइन्छ।

**४. तौल घटाउन सहयोगी**

अन्जीरमा तामा, म्याग्नेशियम, फास्फोरस, पोटाशियम जस्ता पोषक तत्त्वहरू पाइन्छन्। यी पोषक तत्त्वहरूको मदतले हाम्रो शरीरको मेटाबोलिज्म सही रहन्छ। यसबाहेक अन्जीरमा प्रशस्त मात्रामा फाइबर हुन्छ, जसले हाम्रो पेटलाई लामो समयसम्म भरिपूर्ण राख्छ। अन्जीरले क्यालोरीको मात्रालाई पनि नियन्त्रण गर्छ। तसर्थ, हामी तौल घटाउन चाहन्छौं भने निश्चितरूपमा आफ्नो आहारमा अन्जीर समावेश गर्नुपर्छ।

**५. कम रक्त शर्करा**

अन्जीरमा पोटाशियमको मात्रा धेरै हुन्छ। यसले हाम्रो शरीरमा चिनीको मात्रा नियन्त्रण गर्छ। अन्जीरमा पाइने क्लोरोजेनिक एसिडले रगतमा चिनीको मात्रा कम गर्न मदत गर्छ। सलाद र स्मूदीमा अन्जीर प्रयोग गर्न सक्छौं।

**६. रक्तचाप नियन्त्रण**

अन्जीरमा पाइने पोटाशियम एउटा महत्त्वपूर्ण खनिज हो। यसको नियमित सेवनले यसलाई जोगाउन मदत गर्छ। एकै समयमा यसले सोडियमको हानिकारक प्रभावहरूलाई पनि कम गर्छ, जुन रक्तचापको लागि अत्यन्त हानिकारक हुन्छ। तर आजकल बजारमा प्रशोधित खानेकुराहरू बढी पाइन्छन्, त्यसैले हामीले पोटाशियमयुक्त खानेकुरा लिनु अति आवश्यक छ।

**अन्जीर कहिले खाने ?**


भिजाएको अन्जीर स्वास्थ्यका लागि निकै फाइदाजनक हुन्छ। सुकेको अन्जीर पनि खान सकिन्छ। तर भिजाएको अन्जीर स्वास्थ्यका लागि बढी फाइदाजनक हुन्छ। बिहान खाली पेटमा अन्जीरको सेवन गर्न सकिन्छ। हरेक बिहानी खाली पेटमा भिजाएको अन्जीर खाँदा धेरै स्वास्थ्य लाभ प्राप्त गर्न सकिन्छ।

**अन्जीर कसरी खाने ?**


एक कप पानीमा एक वा दुईटा अन्जीर रातभरि भिजाउनुपर्छ। बिहान उठेपछि खाली पेटमा यसको सेवन गर्नुपर्छ। अन्जीरको साथमा बिहान खाली पेटमा भिजाएको बादाम, काजु, किसमिस र ओखरको सेवन पनि गर्न सकिन्छ। अन्जीरलाई ओट्समा मिसाएर पनि खान सकिन्छ।

अन्जीरलाई आफ्नो आहारमा समावेश गरेर आफ्नोलागि पूर्ण पोषक तत्त्व प्राप्त गर्न सकिन्छ। यो खानमा स्वादिलो हुन्छ नै, स्वास्थ्यको लागि पनि शक्तिशाली हुन्छ। कोर्नफ्लेक्स र कुनै अन्य स्वादिष्ट खाजासँग अन्जीर खान सकिन्छ। यसलाई आफ्नो सुविधा अनुसार सुकाएर खान सकिन्छ तर अन्जीरको सम्बन्धमा केही सावधानी अपनाउनु आवश्यक छ। अन्जीरलाई एन्टिप्लेटलेट औषधिको साथ लिनुहुँदैन। यसले शरीरमा रक्तस्रावको जोखिम बढाउन सक्छ। स्तनपान गराउने महिला वा गर्भवती छन् भने चिकित्सकको सल्लाह लिएर मात्र अन्जीरको सेवन गर्नुपर्छ। यसका साथै मधुमेहका रोगीले पनि अन्जीर खानबाट जोगिनुपर्छ। जसको चिनीको मात्रा कम रहन्छ, अन्जीरले चिनीको स्तरलाई अझ कम गर्न सक्छ। यदि कसैलाई एलर्जीसम्बन्धी कुनै समस्या छ भने चिकित्सकको सल्लाहमा मात्रै अञ्जीरको सेवन गर्नुपर्छ किनभने यस्तो अवस्थामा अन्जीर स्वास्थ्यको लागि हानिकारक हुन्छ।

# तौल घटाउन दलिया वा ओट्स कुन राम्रो ?



तौल घटाउनु सजिलो काम होइन। तर आहारमा केही कुरा समावेश गरेर तौल बढ्नबाट बच्न सकिन्छ। जब तौल घटाउने कुरा आउँछ, धेरै मानिस आफ्नो तौल घटाउन विभिन्न आहारको सहारा लिन्छन्। दुई प्रख्यात विकल्प दलिया (साबुत गहुँलाई टुक्राएको अवस्था) र ओट्स हुन्, यी दुवै आहारलाई स्वस्थ विकल्प मानिन्छ। तर वजन घटाउनको लागि कुन राम्रो त ? यसबारेमा अब जानौं।



दलिया हाम्रो भान्साघरमा व्यापकरूपमा खपत गरिन्छ। यसमा फाइबर धेरै हुन्छ, बोसो कम हुन्छ र कम ग्लाइसेमिक इन्डेक्स (GI) हुन्छ, जसको मतलब यसले रगतमा चिनीको मात्रा नियन्त्रण गर्न मदत गर्छ।

यसमा भिटामिन बी र ई, म्याग्नेशियम र आइरन जस्ता आवश्यक पोषक तत्त्वहरू पनि हुन्छन्। अर्कोतर्फ, ओट्स, जुन एक प्रकारको अन्न हो, यसमा फाइबर र प्रोटिन प्रशस्त हुन्छ। यी आहारमा फ्याटमा पनि कम हुन्छ र फलाम, जस्ता र भिटामिन बी जस्ता महत्त्वपूर्ण पोषक तत्त्वहरू समावेश हुन्छन्।

**यी दुई आहारले तौल घटाउन कसरी मदत गर्छन् ?**

दलिया र ओट्स दुवै तौल घटाउने सन्दर्भमा प्रभावकारी हुन सक्छन्, तर कारणहरू फरक छन्। लामो समयसम्म पेट भरिएको महसूस गर्न चाहनेहरूका लागि दलिया राम्रो विकल्प हो। किनभने यसमा फाइबर धेरै हुन्छ, यसले पचाउन लामो समय लिन्छ र हामीलाई सन्तुष्टि महसूस गराउन र धेरै खानबाट रोक्न मदत गर्न सक्छ। साथै, दलियाको कम ग्लाइसेमिक इन्डेक्सले रगतमा चिनीको स्तर नियन्त्रण गर्न र स्पाइकलाई रोक्न मदत गर्न सक्छ, जसले धेरै खान लालसा उत्पन्न गर्न सक्छ। अर्कोतर्फ, बोसो जलाउन चाहनेहरूका लागि ओट्स एक उत्कृष्ट विकल्प हुन सक्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# पूर्वप्रम खानका समर्थक र प्रहरीबीच झडप

लाहोर, १ चैत/एएफपी

पूर्वप्रधानमन्त्री इमरान खानलाई पक्राउ गर्न आएका प्रहरी र उनका समर्थकबीच खान निवासअगाडि झडप भएको छ भने प्रमुख शहरमा प्रदर्शन भएका छन्। पूर्वप्रधानमन्त्री खानले पनि गिरफ्तारी दिन अस्वीकार गरेका छन्।



तस्वीरः एएफपी

गएराति पनि पाकिस्तान तहरीक–ए–इन्साफ (पिटिआई)का कार्यकर्ता र सुरक्षाकर्मीबीच खानको जमान पार्कस्थित घरनजीक झडप भएको थियो। प्रहरी र अर्धसैनिक बलका जवानले अश्रुग्याँस प्रहार गरेपछि खानका क्रुद्ध समर्थकहरूले ढुङ्गामुढाले प्रतिकार गरेका थिए। पिटिआईका एकजना कार्यकर्ताका अनुसार पानीको फोहरा र अश्रुग्याँस प्रहार गर्दै आएका सुरक्षाकर्मीले गोलीसमेत हान्न थालेका बताएका छन्।

गत वर्ष विश्वासको मत प्राप्त नभएपछि पदमुक्त भएका खानमाथि भ्रष्टाचारलगायत विभिन्न मुद्दा लगाइएको छ। उनले आमनिर्वाचनको माग गर्दै आएका छन्। सार्वजनिकरूपमा सरकारका कटु आलोचना गर्दै आएका उनीमाथि प्रधानमन्त्री हुँदा प्राप्त उपहार बेचेको तथा प्राप्त आम्दानी सार्वजनिक नगरेको आरोप लगाइएको छ। सोही विषयमा जानकारी दिन अदालतले उनलाई बोलाएको छ। अदालतको आदेश पालना नगरेकाले उनलाई पक्राउ गर्न आफूहरू आएको एकजना वरिष्ठ प्रहरी अधिकारीले एएफपीलाई बताए।

इस्लामाबाद प्रहरीका उपमहानिरीक्षक सैयद शहजाद नदीम बुखारीले अदालतको आदेश कार्यान्वयन गर्न नेता खानको घर आएको स्पष्ट गरेका छन्। पञ्जाबका प्रहरी प्रमुख उस्मान अनवरले अदालतको आदेशलाई जुनसुकै मूल्यमा पनि पालना गर्नुपर्ने बाध्यता रहेको बताए।

पिटिआईका समर्थकहरूको एक समूहले दक्षिणी बन्दरगाह शहर कराँची र उत्तरपश्चिमको पेशावरमा पनि जुलुस निकालेका छन्। उनीहरूले सडक पनि अवरुद्ध पारेका छन्। कुनै समयका क्रिकेट सुपरस्टार ७० वर्षीय खानलाई हिरासतमा राख्ने प्रयास यसअघि पनि भएको थियो। उनीमाथि ज्यान मार्ने उद्देश्यका साथ गोली प्रहारसमेत भएको थियो। प्रधानमन्त्री शहबाज शरीफको आदेशमा आफ्नो हत्या प्रयास गरिएको आरोप खानले लगाउँदै आएका छन्।

पिटिआईका एक वरिष्ठ अधिकारीका अनुसार इस्लामाबाद उच्च अदालतमा खानको गिरफ्तारी रोक्न रिट दायर गरिएको छ। उक्त रिटमाथि आजै सुनुवाइ हुने अपेक्षा गरिएको छ। गिरफ्तारी रोक्न अदालतबाट आदेश भएमा स्थिति स्वतः साम्य हुनेछ। पार्टीका पदाधिकारीहरूले लाहोरको अदालतमा पनि त्यस्तै रिट दायर गरेका छन्।

राजनीतिक अस्थिरताका कारण निरन्तर शिथिल हुँदै गएको पाकिस्तानको अर्थतन्त्रलाई उकास्न अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रयास असफल भएका बेला अतिवादी समूहहरूले बेलाबेलामा गर्ने घातक आक्रमण एवं आत्मघाती हमलाबाट दक्षिण एशियाली देश पाकिस्तान निरन्तर प्रताडित भइरहेको छ। कानून कार्यान्वयनमा कठिनाइ हुँदा आपराधिक गतिविधि नियन्त्रणमा पनि असर परेको छ।

राजनीतिक नेताले आफ्ना कार्यकर्ता र समर्थकहरूलाई प्रयोग गरेर गिरफ्तारीलाई अस्वीकार गर्नुले पाकिस्तानको सबैभन्दा खराब अवस्थालाई प्रतिविम्बित गरेको लेखक, राजनीतिक विश्लेषक एवं मानव अधिकार कार्यकर्ता तौशिफ अहमद खान बताउँछन्। रासस

# चक्रवात फ्रेडीबाट २१० जनाको मृत्यु

ब्लान्टायर (मलावी), १ चैत/ सिन्ह्वा

दक्षिण मलावी र मोजाम्बिकमा भीषण चक्रवात फ्रेडीका कारण २०० जनाभन्दा बढीको मृत्यु भएको छ। मलावीमा १९० जनाको ज्यान गएको तथा मोजाम्बिकमा २० जनाको मृत्यु भएको सरकारी अधिकारीहरूले बताएका छन्।

मलावीमा ५८४ जना घाइते तथा ३७ जना बेपत्ता भएका छन् भने छिमेकी मोजाम्बिकमा २४ जना घाइते भएका छन्। चक्रवातबाट जोगिएकाहरू प्रभावित क्षेत्रमा आफ्ना प्रियजनको खोजीमा लागेका छन्।

मोजाम्बिकमा २२ हजारभन्दा बढी विस्थापित भएका रेडियो मोजाम्बिकले जनाएको छ।

मलावीको प्राकृतिक संशाधन तथा जलवायु परिवर्तन मन्त्रालयले चक्रवात क्रमशः कमजोर हुँदै गएको जनाए पनि देशको दक्षिणी भागमा भारी वर्षा हुने चेतावनी दिएको छ। बाढीपहिरोको जोखिम बढेको जनाउँदै उक्त मन्त्रालयले सतर्क रहन देशवासीलाई आग्रह गरेको छ। आज साँझदेखि अवस्था सामान्य हुने अपेक्षा उक्त मन्त्रालयले गरेको छ।

आँधीबाट देशको राजधानी



तस्वीरः सिन्ह्वा

ब्लान्टायरमा व्यापक क्षति भएको छ। मङ्गलवार अपराह्नसम्म यहाँ १५८ जनाको मृत्यु भइसकेको अधिकारीहरूले बताएका छन्। राजधानीका धेरै घर पहिरोमा पुरिएका छन्।

देशभर करीब ६० हजार मानिस प्रभावित भएका छन् भने १९ हजारभन्दा बढी विस्थापित भएका छन्। विस्थापित भएकाहरूले गिर्जाघर र विद्यालयमा आश्रय लिएका छन्। प्रभावित क्षेत्रका पुल र सडक भत्किएका छन्। प्रतिकूल मौसमका कारण खोजी तथा उद्धार कार्य प्रभावित भएका छन्। रासस

# जापानका युट्युबर सांसद निष्कासित

टोकियो, १ चैत/एएफपी

जापानमा युट्युबरका रूपमा प्रख्यात भएपछि सांसद बनेका एक नेतालाई निष्कासन गरिएको छ।

सांसद निर्वाचित भएपछि एक दिन पनि सदनमा उपस्थित नभएका उनलाई मङ्गलवार संसद्बाटै निष्कासन गरिएको हो।

गत जुलाईमा निर्वाचित योशिकाजु हिगाशितानी अनिवार्यरूपमा उपस्थित हुनुपर्ने संसदीय बैठक एवं अधिवेशनमा एकपटक पनि उपस्थित नभएपछि निजलाई जापानको माथिल्लो सदनले मङ्गलवार निष्कासन गरेको हो। सदनको हिजोको उक्त निर्णय आजदेखि लागू भएको छ।

गासी उपनामले चिनिने योशिकाजु ७० वर्षपछि जापानको संसद्बाट निष्कासित हुने पहिलो सांसद भएका छन्। यसअघि सदनले उनलाई महीनौं लामो अनुपस्थितिका लागि क्षमायाचना गर्न आदेश दिएको थियो तर उनले त्यसको बेवास्ता गरेका थिए।

५१ वर्षीय उनको दलबाट दुईजना सांसद निर्वाचित छन्। उनी निष्कासित भएपनि अर्को एक सदस्यले उनको स्थानमा काम गर्नेछन्।

दुबईमा बसोबास गरिरहेका पूर्वव्यापारी उनले जापान फर्केमा आफू पक्राउ पर्ने बताएका छन्। मानहानिको



योशिकाजु

आरोपमा आफूलाई सम्बद्ध अधिकारीले सोधपूछ गर्न पक्राउ गर्न सक्ने उनले बताएका छन्। जापानको सार्वजनिक प्रसारण संस्थामा परिवर्तनको अभियान चलाएको उनको दल एनएचके पार्टीका रूपमा परिचित छ। रासस

# सालको गोलियासहित भ्यान पक्राउ

प्रस, निजगढ, १ चैत/

डिभिजन वन कार्यालय, सिमराको गस्ती टोलीले सालको गोलियासहित भ्यान बुधवार राति नियन्त्रणमा लिएको छ।



तस्वीरः प्रतीक

राजमार्गको पथलैयास्थित ५ किलोमिटर सडकबाट डेढ किलोमिटर वनक्षेत्रभित्रबाट गोलिया र भ्यान नियन्त्रणमा लिएको डिवका, बाराले जनाएको छ।

गोलिया लोड भ्यान वनगस्ती टोली आएको थाहा पाउनासाथ लोड गरिएको दुई थान गोलिया लिएर फरार भएपनि पिछा गरी नियन्त्रणमा लिन सफल भइएको थियो।

८/१० जनाको समूहमा रहेका तस्करहरू भागन सफल भएको घटनास्थल पुगेका सशस्त्र वन रक्षकहरूले बताए। एक थान चार फिट, दुई थान छ फिट, सात थान सात फिट लम्बाइका १० थान गोलिया लगभग ११० क्यूफिट बराबरको हालको बजार मूल्य पाँच लाखभन्दा बढी रहेको वन कार्यालयले जनाएको छ।

पक्राउ परेको सो भ्यान पटकपटक काठ तस्करीमा संलग्न हुने गरेको सूचना पाएपछि वन कर्मचारीले समेत निगरानी राखिरहेको जनाएको छ। सो गोलिया निजगढतर्फ ल्याउन लागिएको वन कर्मचारीको अनुमान थियो।

सो भ्यान निजगढका व्यक्तिको रहेको बुझिएको छ। घटनाको अनुसन्धान गरी तस्कर समूहको खोजी कार्य तीव्र गरिने डिभिजन वन कार्यालय, बाराका प्रवक्ता जवाहरलालप्रसाद कुर्मीले जानकारी दिए।

# पोखरियामा नगर विकास समितिको बैठक सम्पन्न

दिनेश मिश्र, पोखरिया, १ चैत/

पोखरिया नगरपालिकामा नगर विकास समितिको बैठक सम्पन्न भएको छ। ४० वर्षदेखि नगर विकास समितिले अधीनमा राखेको जग्गाको अस्थायी निस्सा प्रदान गर्ने भएको छ।



तस्वीरः प्रतीक

१० दिनभित्र जग्गाधनीलाई अस्थायी निस्सा प्रदान गर्ने र ८० प्रतिशत नगर विकासको काम अगाडि बढिसकेको नगरप्रमुख प्रद्युम्न चौहानको दाबी छ।

बैठकले मूल समिति गठन तथा विशेष सल्लाहकार मनोनयन गरेको छ।

नगरप्रमुख प्रद्युम्न चौहानको अध्यक्षतामा नौजनालाई विशेष सल्लाहकार तथा नौ सदस्यीय मूल समिति गठन भएको छ।

मूल समितिमा प्रद्युम्न चौहान, प्रमुख प्रशासकीय अधिकृत धर्मानन्द जोशी, वडा नं १ का अध्यक्ष प्रमोद गिरी, वडा नं ४ का अध्यक्ष लक्ष्मण साह कानू, भूमिसुधार तथा मालपोत प्रतिनिधि राजेश्वर प्रसाद, नापी अधिकृत शिवबालक साह, जग्गाधनीका तर्फबाट बद्रीप्रसाद चौरसिया, राजुबाबू गिरी, पारस ठाकुर छन् भने विशेष सल्लाहकारमा पूर्वनगरप्रमुख दीपनारायण रौनियार, नेता निजामुद्दीन समानी, शङ्कर यादव, रामेश्वर रौनियार, राजु साह तेली, योगानन्दप्रसाद चौहान, नरेन्द्र तिवारी, मनोजप्रसाद कुर्मीलगायत राखिएको शम्भु मिश्रले जानकारी दिए।

# दोहोरो अङ्कले घट्यो नेप्से

काठमाडौं, १ चैत/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक बुधवार १४ दशमलव ४४ अङ्कले घटेर एक हजार ९३८ दशमलव ६२ अङ्कमा कायम भएको हो।

आजको कारोबारमा कुल २५३ वटा कम्पनीका विभिन्न ३७ लाख १६ हजार ६८४ कित्ता शेयर रु एक अर्ब २० करोड २१ लाख ४१ हजारमा कारोबार भएका छन्। आजको कारोबारमा व्यापार समूह १० दशमलव ५७ अङ्कले बढेको छ भने बाँकी सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचक ६९ दशमलव ४६ र लघुवित्त समूहको उपसूचक ६८ दशमलव ३५ अङ्कले घटेको छ।

साथै बैंकिङ समूह नौ दशमलव ९४, विकास बैंक समूह २७ दशमलव २४, वित्त समूह १४ दशमलव १६, होटल तथा पर्यटन सात दशमलव ३९ र जलविद्युत् समूह नौ दशमलव ६९ अङ्कले घटेका छन्।

त्यसैगरी, लगानी समूह शून्य दशमलव ४३, उत्पादन तथा प्रशोधन समूह ३२ दशमलव ४२, म्युचुअल फन्ड शून्य दशमलव ०३, निर्जीवन बीमा समूह १७ दशमलव ०६ र अन्य समूह चार दशमलव १२ अङ्कले घटेका छन्।

आज युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र शुभम् पावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ।

किसान लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा आज सबैभन्दा धेरै पाँच दशमलव ९० अङ्कको गिरावट देखिएको छ।

कारोबार रकमका आधारमा आज एनआइसी एशिया बैंकको सबैभन्दा धेरै रु १० करोड ३५ लाख २२ हजार बराबरको एक लाख ३८ हजार ५९३ कित्ता शेयर किनबेच भएको छ।

## पाथीभरामा बलिप्रथा घट्दै ...

समेत संरक्षण भएको छ," उनले भने।

महाकाली, भद्रकाली, सिद्धकाली, श्वेतकाली र रक्तकाली यी पाँच रूप भएकी देवीलाई पञ्चकन्या भगवती देवीका रूपमा पूजा गरिन्छ। पाथीभरामा बडादशैं तथा नवरात्रको समयमा विशेष पूजाआजासहित बलि चढाउने परम्परा छ। पाथीभरा देवीले भक्तजनले चढाएको बलि स्नेहपूर्वक ग्रहण गर्ने जनविश्वास रहिआएको छ।

दर्शनार्थीमा बलि नै चढाउनुपर्छ भन्ने अनिवार्य भने नभएको मन्दिरका पुजारी आचार्यले बताए। उनले यहाँ पूजा गर्ने कुनै लिखित पद्धति नभए पनि परम्परा नै बसेको जानकारी दिए। पुजारी आचार्यका अनुसार मन्दिरमा पूजा गर्ने दुई पद्धतिमध्ये एउटा भगवतीको पूजासहित चण्डी पाठ र हवन गर्ने शास्त्रीय पद्धति र अर्को बलि दिएर पूजा गर्ने गरिन्छ। पाथीभरा मन्दिरको महत्त्व, आस्था र विश्वासका कारण यहाँ दैनिक हजारौं स्वदेशी तथा विदेशी तीर्थयात्री आउने गरेका छन्।

घर निर्माण गर्दा निर्धारित मापदण्डको पालना गरौं,
शहरको सौन्दर्यीकरणमा सहयोग गरौं।

वीरगंज महानगरपालिका कार्यालय

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | आलस्य | वृष | रोगभय |
| मिथुन | व्यापारवृद्धि | कर्कट | कडारिश्रम |
| सिंह | कार्यनाश | कन्या | भयचिन्ता |
| तुला | राज्यलाभ | वृश्चिक | कान्तिक्षय |
| धनु | सुयश | मकर | अलमल |
| कुम्भ | मनोरञ्जन | मीन | सफलता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

# जीराभवानी गापाको सेवा जीराभवानीबाटै

प्रस, सेढवा, १ चैत/

जीराभवानी गाउँपालिकाको प्रशासनिक कामकाज तथा सेवाप्रवाहका कार्यहरू गापाको कार्यालय सेढवाबाटै शुरू भएको छ। विगत तीन वर्षदेखि गापाको कार्यपालिका कार्यालय वडा नं २ सेढवामा रहे पनि त्यहाँबाट कार्यालय सञ्चालन हुने गरेको थिएन। तत्कालीन प्रमुख प्रशासकीय अधिकृत प्राण मेहताले गापाको कार्यपालिका कार्यालय वीरगंजबाट सञ्चालन गर्दै आएका थिए।

विकास योजनाका कामहरू र त्यसका भुक्तानीहरू वीरगंज महानगर–१५ स्थित नेशनल मेडिकल कलेजनजीकको भवनबाट हुँदै आएको थियो। चारकोठे घर लिएर दुईजना कर्मचारीसहित गापाको कार्य हुने गरेको थियो। गापाको सेढवास्थित कार्यालयमा सात/दश दिनमा आउने र प्रशासनिक कार्यहरू हुने गरेको थियो।

अहिले प्रमुख प्रशासकीय अधिकृतमा जयचन्द्र साह आएपछि वीरगंजस्थित कार्यालय बन्द गरिएको छ र सबै कार्य सेढवाबाटै शुरू गरिएको छ। वीरगंजस्थित अघोषित कार्यालय बन्द गरिएको र सबै सेवा सेढवाबाटै सुचारु गरिएको गापाध्यक्ष अनोज चौधरीले बताए। उनले वीरगंजस्थित कार्यालयबाट सेवाप्रवाह हुने गरेको सूचना पाएपछि आफूले सो कार्यालय बन्द गराउन प्रयास गरेको तर अहिले प्रमुख प्रशासकीय अधिकृत साह आएपछि मात्र सम्भव भएको बताए। गाउँमा रहेको कार्यालयमा सेवाग्राहीहरू आउने तर काम नभएर फर्कने गरेकामा आगामी दिनमा त्यस्तो समस्या नहुने उनले बताए।

यसअघि जीराभवानी गापा कार्यालयका विभिन्न शाखाहरूबाट दिइने




सेवा प्रमुख प्रशासकीय अधिकृतले आफ्नो अधीनमा राख्दै आएकाले सेवाग्राहीलाई समस्या हुने गरेको भएपनि आगामी दिनमा त्यस्तो नहुने उनले बताए। शाखाको जिम्मेवारी सम्बन्धित शाखा अधिकृतहरूले लिएका र प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य कानूनले तोके बमोजिम वहन गर्न लगाइने उनले बताए।

प्रमुख प्रशासकीय अधिकृत साहले सेवाग्राहीलाई प्रभावकारी सेवा प्रदान गर्ने बताएका छन। उनले तोकिएको समयमा कर्मचारीहरूबाट कार्यालयमा सेवा प्रदान गरिने र प्रक्रियागतरूपमा आउने सबै काममा ढिलासुस्ती नहुने बताए।

जीराभवानी सरह जगरनाथपुर गापाको कार्य पनि वीरगंजबाटै हुने गरेको थियो। सो गापामा पाँच महीनाअघि सुधार भएको हो। अहिले जगरनाथपुरबाट प्रवाह हुने सबै सेवा स्थानीयले गापाको कार्यपालिका कार्यालयबाटै पाउँदै आएका छन्। यसअघि त्यहाँका सेवाग्राहीहरूलाई पनि आफ्नो कार्य वीरगंजस्थित कार्यालयबाट गराउनुपर्ने बाध्यता थियो। यी दुई पालिकाबाहेक अहिले पनि केही गापा कार्यालयहरूको कार्य वीरगंजबाट हुने गरेका छन्।

स्थानीय तह अन्तर्गत पालिकाहरू गठन हुनुअघि पर्सा जिल्लाका ८२ वटा गाविसमध्ये अधिकांस गाविसका काम वीरगंजबाटै हुने गरेको थियो।

माओवादी जनयुद्धकाल र मधेसमा भूमिगत सशस्त्र समूहका कारण गाविसका कामहरू वीरगंज केन्द्रित भएका थिए। अहिले पालिका भएपछि पनि केही प्रमुख प्रशासकीय अधिकृतहरूले सो कार्यलाई निरन्तरता दिंदै आएका छन्।

# अलौं महायज्ञमा चमार फकाउँदै आयोजक समिति

प्रस, वीरगंज, १ चैत/

वीरगंज महानगर–१७ अलौंमा यही चैत ८ गतेदेखि हुने शतचण्डी महायज्ञको लागि आयोजक समितिले चमार समुदायलाई फकाइरहेको छ।

महायज्ञ आयोजक समिति र त्यहाँका चमार समुदायका अगुवालाई जिल्ला प्रहरी कार्यालय, पर्सामा भइरहेको विभिन्न चरणको छलफलमा फकाउने काम भइरहेको बुझिएको छ।

महायज्ञको पूजन विधिमा बस्ने आठजनामा दलित समुदायको प्रतिनिधित्व नभएको कारण उनीहरूले विरोध गरिरहेका छन्।

गत सोमवार अलौंका दलित समुदायले वीरगंजमा विरोध प्रदर्शन गर्दै जिल्ला प्रशासन कार्यालयमा ज्ञापन बुझाएका थिए। आफूहरू विभेदमा परेको भन्दै आवश्यक पहल गर्न उनीहरूले माग गरेका थिए।

जिल्ला प्रशासन कार्यालयले जिल्ला प्रहरी कार्यालय, पर्सालाई पत्र लेख्दै दुवै पक्षबीच छलफल गराएर समस्याको समाधान खोज्न निर्देशन दिएको थियो।

प्रहरीले सोही निर्देशनअनुरूप हिजो र आज दुवै पक्षबीच छलफल चलाएको थियो तर छलफलबाट निकास ननिस्केको प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक गिरीले बताए। उनले बुधवार तीन घण्टा वार्ता भएको बताए।

महायज्ञका पदाधिकारीहरूले दलित समुदायलाई मनाउने प्रयास गरेको तर दलितहरू नमानेको बताए।

दुवै पक्षले सहमति खोज्ने भन्दा अहम्‌का कारण समस्याको समाधान हुन नसकेको उनले बताए। उनले दुवै पक्षलाई जसरी पनि समाधानको उपाय खोज्न अन्यथा प्रहरीले कानून बमोजिमको बाटो पहिल्याउनुपर्ने बताएको प्रतीकलाई बताए।

महायज्ञमा दलित प्रतिनिधित्व गराउन अलौंवासी सहमत भएपनि त्यसो गर्दा अन्य ठाउँका मानिसहरू रिसाएका र महायज्ञ भाँडिन सक्ने चिन्ताले दलितहरूलाई सम्झाउने प्रयास भएको स्रोतले जनाएको छ।

अलौंका दलित अगुवा खुबलाल रामले भने पूजन विधिमा सहभागी भएरै छाड्ने बताएका छन्। पहिले जातपातको नाममा हेपिनुपरेको थियो अहिले त कानूनतः अधिकार पाएका छौं, छाड्दैनौं उनले भने।

### नर्सिङ क्याम्पस ...

अब १० पदको लागि चैत ५ गते निर्वाचन हुनेछ।

१४ वर्षपछि हुने स्ववियु निर्वाचनमा यसअघि नेविसङ्घले जितेको थियो। त्यसअघि स्थापनाकालदेखि नै नर्सिङ क्याम्पसमा अखिलको वर्चस्व रहँदै आएको थियो।

Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारण आचार संहिता, २०७९ को पालना गरौं।

विज्ञापन व्यवसायलाई स्वच्छ र पारदर्शी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# खेलकूदको संसार

## परवानीपुर गोल्डकप : वीरगंज युनाइटेड फाइनलमा

प्रस, वीरगंज, १ चैत/

कृष्ण फाउन्डेशन दोस्रो परवानीपुर गोल्डकप फूटबल अन्तर्गत बुधवारदेखि सेमिफाइनल चरणको खेल शुरू भएको छ।

आज पहिलो सेमिफाइनलमा आयोजक परवानीपुर युथ क्लबलाई पराजित गर्दै वीरगंज युनाइटेड क्लब फाइनलमा प्रवेश गरेको छ।

परवानीपुर खेलमैदानमा आज निर्धारित समयको खेल बराबरी भएपछि टाइब्रेकरबाट निर्णय गरिएको थियो। टाइब्रेकरमा आयोजक परवानीपुर युथ क्बललाई एक का विरुद्ध तीन गोलअन्तरले पराजित गर्दै वीरगंज युनाइटेडले फाइनलको यात्रा सुरक्षित गरेको हो।

खेलको 'म्यान अफ दी म्याच' परवानीपुर युथ क्लबका मुन्ना चौधरी धोषित भए। उनलाई पाँच हजार नगद प्रदान गरिएको थियो।

बिहीवार दोस्रो सेमिफाइनल खेल गोर्खा फूटबल क्लब, सर्लाही र जनकपुर स्पोर्ट्स क्लबबीच हुनेछ।

## नेपाल-भारत मैत्री क्रिकेट : बुधवार चारवटा खेल सम्पन्न

प्रस, वीरगंज, १ चैत/

आदर्शनगर रङ्गशालामा हिजोदेखि जारी नेपाल–भारत मैत्री क्रिकेट प्रतियोगिता अन्तर्गत बुधवार चारवटा खेल भएका छन्।

पहिलो खेलमा अशोकवाटिका वीरगंजले भारतको जम्मु–कश्मीरलाई पराजित गर्‍यो। निर्धारित १५ ओभरको खेलमा अशोकवाटिकाले आठ विकेटको नोक्सानीमा ११७ रन बनाएको थियो। प्रतिउत्तरमा जम्मु–कश्मीरले सबै विकेट गुमाएर १३ ओभरमा ३९ रनमा सीमित रह्यो। यस खेलको 'म्यान अफ दी म्याच' अभय कर्ण भए।

दोस्रो खेलमा झारखण्ड (रातो)ले राजस्थानलाई पाँच विकेटले पराजित गर्‍यो। पहिले ब्याटिङ गरेको राजस्थान १५ ओभरको खेलमा आठ विकेट गुमाएर १२४ रन बनाएको थियो। प्रतिउत्तरमा झारखण्ड (रातो)ले १४.१ ओभरमा पाँच विकेट गुमाएर १२८ रन बनाएर जित्यो। यस खेलको 'म्यान अफ दी म्याच' छोटु घोषित भए।

तेस्रो खेल छपकैया वीरगंज र भारतको झारखण्ड नीलोबीच भएको थियो। झारखण्ड नीलोलाई छपकैयाले २८ रनअन्तरले पराजित गर्‍यो। पहिले ब्याटिङ गरेको छपकैयाले निर्धारित १५ ओभरको खेलमा चार विकेट गुमाएर १३६ रन बनाएको थियो।

प्रतिउत्तरमा झारखण्ड नीलो १३.५ ओभरमा सबै विकेट गुमाएर १०७ रनमा सीमित रह्यो। यस खेलको 'म्यान अफ दी म्याच' असहाब हुसैन घोषित भए।

चौथो खेलमा झारखण्ड नीलोले उत्तर प्रदेशलाई एक विकेटअन्तरले पराजित गर्‍यो। पहिले ब्याटिङ गरेको उत्तर प्रदेशले १४ ओभरमा सबै विकेट गुमाएर ६६ रन बनाएको थियो। प्रतिउत्तरमा झारखण्ड नीलोले १०.२ ओभरमा नौ विकेट गुमाएर लक्ष्य हासिल गर्‍यो। यस खेलको 'म्यान अफ दी म्याच' सतीश घोषित भए।

## प्रथम राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न

प्रस, सेढवा, १ चैत/

जगरनाथपुर गाउँपालिकामा सञ्चालित पालिकास्तरीय प्रथम राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको छ।




जगरनाथपुर रङ्गशालामा सञ्चालित प्रतियोगितामा नेरामावि मसिहानी प्रथम भएको छ। प्रतियोगितामा मावि जगरनाथपुर द्वितीय, मावि सन्ठी तृतीय र निमावि सुहपुर सोहरी चौथो भएका प्रमुख प्रशासकीय अधिकृत कृष्णनन्दन रायले बताए। प्रतियोगितामा पालिकाभित्रका करीब २० वटा सामुदायिक विद्यालय सहभागी थिए।

प्रतियोगितामा प्राथमिक, निम्न माध्यमिक र माध्यमिक गरी तीनै तहका विद्यार्थीहरूको सहभागिता थियो। प्रतियोगितामा लङजम्प, हाईजम्प, दौड, रिले दौड, कबड्डी, ज्याभलिङ थ्रो, सटफुटलगायतका खेलहरू भएका थिए।

# विश्व उपभोक्ता दिवसमा र्‍याली, कोणसभा

## उपभोक्ता सचेत हुन जरुरी –वक्ताहरू

प्रस, वीरगंज, १ चैत/

स्वच्छ ऊर्जामार्फत उपभोक्ता सशक्तीकरण भन्ने नारासहित बुधवार वीरगंजमा विश्व उपभोक्ता दिवस मनाइएको छ।

घण्टाघरबाट निकालिएको र्‍याली पुनः सोही स्थानमा आएर कोणसभा गरेर समापन भएको थियो। कोणसभामा मधेस प्रदेशका उद्योग विभागका निमित्त महानिर्देशक सुशील साह, वाणिज्य,




आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, पर्साका प्रमुख सुरेश रेग्मी, उपभोक्ता हकहित मञ्च, पर्साका अध्यक्ष अजित भुजेलले उपभोक्तामा जागरूकता आवश्यक भएको बताए।

सबैले आफ्नो क्षेत्रबाट उपभोक्ता जागरणका लागि कार्य गर्दै आए पनि यस कार्यमा सर्वप्रथम उपभोक्ता आफैं सचेत भएको खण्डमा आमूल परिवर्तन हुने बताए।

सरोकारवाला निकायले सदैव निगरानी गर्न सम्भव नभएको र विक्रेताहरू विभिन्न प्रलोभनका कारण उपभोक्ता ठग्न तल्लीन भइरहेका अवस्थामा अरूले गरिदेला र आफूले खाउँला भन्दा पनि आफैं सचेत भएको खण्डमा विक्रेताहरू तह लाग्ने सुझाए।

कार्यक्रममा सप्रजिअद्वय भीमकान्त पौडेल र वेदनिधि खनाल, उपभोक्ता हित मञ्चका दीनाप्रसाद गुप्ता, व्यवस्थित वीरगंज अभियानका दिलीपराज कार्की, नेपाल पत्रकार महासङ्घ, पर्साका उपाध्यक्ष युवराज खड्का, औषधि व्यवसायी सङ्घ, पर्साका अध्यक्ष ताजुद्दीन अन्सारी, नापी तथा गुणस्तर कार्यालयका प्रमुख मनीष दास, बहुदरमाई नपाका प्रमुख प्रशासकीय अधिकृत विदुर उप्रेती, सरिता खड्का, भवानी अधिकारी, प्रमोद सर्राफ, बुन्नी यादव, प्रद्युम्न प्रसादलगायतको सहभागिता थियो।